पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३२ | अङ्क : ३ | २०७१ साउन १६ गते शुक्रबार (Aug. 1, 2014) | मूल्य रू. १०/-

## किन बाउँठिए वैद्य ?



काठमाडौँ । ३३ दलको नेतृत्व गरेको मोहन वैद्य नेतृत्वको नेकपा–माओवादीले आन्दोलनको घोषणा गरेको छ । यो आन्दोलनलाई नेता सीपी गजुरेल र रामबहादुर थापाले 'खबरदारी' आन्दोलन भनेका छन् । जलस्रोत सन्धि भएमा साउन १९ गते उपत्यका बन्द गर्ने चेतावनी पनि दिएका छन् ।

यसैबीच सीपी गजुरेलले मोदीसँग वार्ता प्रस्ताव आएमा भेट्ने र छलफल गर्ने सन्देश दिएका छन् । सबै राजनीतिक दलका नेताहरूलाई भेट्ने मोदीले ३३ दलको नेतृत्व गरेको वैद्य समूहलाई भेट्ने हो भने नेपाल–भारत सम्बन्ध नयाँ (बाँकी अन्तिम पेजमा)

# ओलीको गोली शितल निवासतिर

काठमाडौँ । केपी ओली– एमालेका नवनिर्वाचित अध्यक्ष । निर्वाचित नहुँदै ओलीले भनेका थिए– ताजा संविधानसभाले ०६४ को संविधानसभाले निर्वाचित गरेको राष्ट्रपति चिन्दैन । राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन हुनु पर्दछ ।

दोस्रो संविधानसभाको निर्वाचनलगत्तै ओलीले फेरि राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन हुनुपर्छ वा अनुमोदित हुनुपर्छ भनेर मुद्दा उठाइहाले । अनुमोदन भन्ने बुँदामा



सहमति गरेर सुशील कोइरालाले एमालेको सहयोगमा सरकार गठन गरे । तर कांग्रेसले



राष्ट्रपति, उपराष्ट्रपति अनुमोदन गर्ने बाचा थन्क्याएर माघ ८ गते नयाँ संविधान जारी गर्ने रटान दियो ।

उपचारका क्रममा सिंगापुर जानुअघि लिखित प्रतिवद्धता पनि काँग्रेस मान्दैन भने चुनाव हुन्छ भनेर हिँडेका केपी ओली गत मंगलबार स्वदेश फर्केका छन् र उनले फेरि दोहोऱ्याका छन्– राष्ट्रपतिले अनुमोदित हुनुपर्छ, नभए चुनाव हुन्छ । यसपछि सत्ताका साझेदार काँग्रेस–एमालेबीच मनोमालिन्य सुरू भएको छ र एमालेले सत्ता छाड्न सक्ने धम्की दिएको छ ।

यता एमाओवादी 'माओवादी र मधेसवादी' दुई मोर्चा गठन गरेर सडक आन्दोलनतिर पाइला बढाउने संकेत दिइरहेको छ भने एमाले सत्ता छाड्ने चेतावनी । मोदीको भ्रमणलगत्तै सत्ता राजनीतिले 'युटर्न' लिने खतरा स्पष्ट देखिन थालेको छ । काँग्रेस राष्ट्रपति र उपराष्ट्रपति एमालेलाई दिन राजी भएन भने एमाले (बाँकी अन्तिम पेजमा)

## मोदी आउने बेलामा दाँतमा ढुंगा



काठमाडौँ । खुल्ला दिल, मित्रताको हात र नेपाललाई उपहारै उपहार लिएर नेपाल भ्रमणमा आउन लागेका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी आउनु ५ दिन अघि भारतीय नोकरशाहीले ५० वर्षदेखि थाँती रहेको कोसी–गण्डकी पीडितलाई मुआब्जा र क्षतिपूर्ति दिने फाइल बदर गरिएको छ । यस घटनाले पीडितहरूले पाउन लागेको क्षतिपूर्ति र मुआब्जा नपाउने भएका छन् भने भारतको प्रशासन मोदीविरूद्ध मोदीको ख्यातिलाई समाप्त पार्न षड्यन्त्र गर्दैछ कि भन्ने आशंका भएको छ । (बाँकी अन्तिम पेजमा)

## कृषि र पर्यटन मन्त्री भ्रष्टाचारको दलदलमा

अभियान संवाददाता

काठमाडौँ । प्रधानमन्त्री सुशील कोइरालाको निरीहताको फाइदा उठाउँदै आएका प्रधानमन्त्री कोइरालाका सरकारमा रहेका मन्त्रीहरूले ऐन कानुन विपरितका कार्यहरू गर्दै आएका भए पनि प्रधानमन्त्रीले त्यसतर्फ ध्यान पुऱ्याउन नसकेकै कारण पर्यटन तथा संस्कृति मन्त्री भीम आचार्यले नेपाल वायुसेवा निगममा नाङ्गो नाच नाच्न थालेका छन् । केही समय पहिला कृषि विकास मन्त्री हरि पराजुलीले दुग्ध विकास संस्थानको कर्मचारी नियमावली २०७० को विपरित गएर दुग्ध विकास संस्थानका वरिष्ठ तहमा (११ औं) निमित्त महाप्रवन्धक रामतपेश्वर चौधरीलाई मन्त्रालयमा काजमा ल्याएर तेस्रो वरिष्ठ तह (१० औं)लाई निमित्त महाप्रवन्धक बनाए पनि प्रधानमन्त्रीले त्यसमा हस्तक्षेप गर्न सकेनन् । त्यसैको फलस्वरूप



अहिले पर्यटन मन्त्रीले नेपाल बायु सेवा निगमका महाप्रवन्धकलाई राजीनामा दिन दबाब दिइरहेका र निगमको संचालक



समितिका सदस्यहरूलाई समेत राजीनामा दिन दबाब दिइरहेका छन् । निगमको (बाँकी अन्तिम पेजमा)

## संविधान नआए आकाश खस्दैन

अभियान संवाददाता

काठमाडौँ । एमाओवादीका नेता एवम् पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले आउँदो माघ ८ गतेभित्रमा नयाँ संविधान जारी नभए पनि आकाश नखस्ने र पृथ्वी पनि नभासिने बताएका छन् । संविधान निर्माणका लागि दलहरूबीचको सहमति नै पहिलो आवश्यकता भएको स्वीकार गर्दै उनले दलहरूबीच सहमति नै पहिलो प्राथमिकता भएको बताएका छन् ।

हालै विराटनगर पुग्ने क्रममा विराटनगर विमानस्थलमा पत्रकारहरूसँग कुराकानी गर्दै नेता भट्टराईले माघ ८ गतेभित्रैमा संविधान जारी गर्ने गृहकार्य भइरहेको बताउँदै त्यसमा लागि अधिकतम् प्रयास भइरहेको भए पनि माघ ८ गतेभित्रमा संविधान जारी नभए



पनि आकाश खस्दैन र पृथ्वी पनि भासिदैन भन्दै त्यसका लागि चिन्ता (बाँकी अन्तिम पेजमा)

## मधेसी नेताहरूले भने हामी दोस्रो दर्जाका

काठमाडौँ । भारतीय विदेशमन्त्री सुषमा स्वराज नेपाल भ्रमणमा आएको बेला मधेसवादी दलका नेताहरूले आफूहरूलाई दोस्रो दर्जाको नागरिकका रूपमा व्यवहार गरेको भन्दै समानता र बढी हकका लागि नेपालमा भारतले हस्तक्षेप गर्नुपर्ने सुझाव विदेशमन्त्री स्वराजलाई दिएपछि मन्त्री स्वराजले मधेसी नेताहरूको भनाइप्रति असहमति जनाउँदै भारतले त्यसो गर्न नसक्ने सन्देश दिएकी छिन् । आफूहरूलाई दोस्रो दर्जाको नागरिकको व्यवहार भएको बताउने मधेसी नेताहरूलाई स्वराजले पहिलो दर्जाको नागरिक बन्ने आधारबारे प्रश्न गर्दै मधेसवाट मधेसी नेताहरू नै राष्ट्रपति, उपराष्ट्रपति, गृहमन्त्री, परराष्ट्रमन्त्रीसमेत बनेका छन् । अहिले पनि राष्ट्रपति र (बाँकी अन्तिम पेजमा)

## नेपालको विकासमा मोदीको चमत्कार



काठमाडौँ । भारतीय विदेशमन्त्री सुषमा स्वराजले नेपालले चाहेका विषयमा छलफल गर्न भारत तयार छ भनेपछि हौसिएका राजनीतिक दलहरू मोदीको नेपाल भ्रमण सफल पार्न कम्मर कसेर लागिपरेका छन् ।

नेपालले द्विपक्षीय समिति गठन गरेर कालापानी, सुस्ता र अन्य ६२ ठाउँ अतिक्रमण भएका सीमा समस्या सुल्झाउन र १९५० को सन्धि पुनरावलोकन गर्ने प्रस्ताव तयार गरिसकेको छ । यसबाहेक नेपाल–भारतबीच राजनीतिक सम्बन्ध स्थापित गर्न र दुई देशबीचका (बाँकी अन्तिम पेजमा)

## शक्तिकेन्द्रमा रहिरहन सडक संघर्षमा दाहाल

काठमाडौँ । संविधानसभाको दोस्रो निर्वाचनपछि तेस्रो पार्टीमा खुम्चिन बाध्य भएको एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल अहिले छटपटीमा परेका छन् । उच्चस्तरीय राजनीतिक संयन्त्रको संयोजक हुने दाहालको चाहाना पूरा नभएपछि उनले आफ्नै पार्टीबाट विभाजित भएको नेकपा–माओवादीसहितका अन्य माओवादी कम्युनिस्ट पार्टीहरूसँग मात्र कार्यगत एकता गरेनन्, चरम अवसरवादी मधेसवादी दल र केही जनजाति पार्टीहरूसँग समेत गठवन्धन गरेर आफ्नो गुमेको शक्ति हत्याउनको लागि दाहाल भरपूर प्रयासमा सक्रिय भएका छन् ।

निर्वाचनको परिणामपछि राजनीतिक शक्ति केन्द्रको रूपमा रहने उनको सपना अधुरो बन्न पुगेको छ । उच्चस्तरीय राजनीतिक संयन्त्रको संयोजक हुन पाएको भए उनी शक्ति केन्द्रमै रहिरहन्थे । तर काँग्रेस एमाले लगायतका अन्य



दलहरूले संविधानले नचिनेको र संविधानभन्दा बाहिर गएर उच्चस्तरीय राजनीतिक संयन्त्र गठन गर्न नसकिने अभिव्यक्ति दिएपछि दाहालको छटपटी अझ बढेको थियो । त्यसैको फलस्वरूप उनले अन्य पार्टीहरूसँग कार्यगत एकता र गठवन्धन गरे । उनी उच्चस्तरीय राजनीतिक समितिका संयोजक बन्न सकेको भए शक्ति केन्द्रकै रूपमा रहिरहन्थे, उनको भित्री चाहाना भनेको लामो समयसम्म आफ्नै वरिपरि राजनीति घुमिरहोस् भन्ने थियो तर त्यसो हुन सकेन ।

काँग्रेस, एमालेले आफ्नो पार्टीलाई वेवास्ता गरेको भन्दै दाहालले चित्तसमेत दुखाउन थालेका छन् । निर्वाचनपछिको परिणामले गर्दा दाहालले सम्झौता, सहमति गर्नुभन्दा संघर्षको बाटो नै रोज्नुपर्ने सोचमा पुगेका उनी निकट नेताहरूले बताउन थालेका छन् । आफ्नै पार्टीभित्रको आन्तरिक विवादले गर्दा उनी दिनप्रतिदिन कमजोर अवस्थामा रहेका र पार्टीलाई कमजोर (बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

# मोर्चावन्दीका कारण संविधान नबन्ने

*संविधानसभाको दोस्रो निर्वाचनमा तेस्रो ठूलो दलमा खुम्चिन बाध्य भएको एमाओवादी अहिले आफ्नो गुमेको शक्ति आर्जन गर्नका लागि कम्मर कसेर लागेको छ । संविधानसभाको दोस्रो निर्वाचनमा सरकारी पक्षबाटै आफ्नो पार्टीलाई चुनावमा हराएको आरोप लगाउँदै त्यसको छानविन नभएसम्म संविधानसभामा नजाने अडानमा रहेको एमाओवादी छानविन समिति गठन भएपछि संविधानसभामा जान तयार भएको थियो । एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल कहिले सरकारी पक्षबाटै आफ्नो पार्टीलाई हराएको आरोप लगाउँदै आएका छन् भने र कहिले एमाओवादी विभाजित भएर चुनावमा हार्नु परेको उद्घोष गर्दैछन् र कहिले आफ्नै नेताहरुले गलत रिपोर्ट दिएको कारण पार्टीले चुनावमा हारेको स्वीकार गरिरहेका छन् । यसरी अध्यक्ष दाहालको बोली पटक-पटक फेरिनुले अध्यक्ष दाहालको उचाइ निकै घटेको र अहिलेकै अवस्थामा एमाओवादी रहे अर्को चुनावमा ऊ निकै पछि पर्ने सम्भावना देखिएको छ ।*

*एमाओवादीका अध्यक्ष दाहाल अहिले आफ्नै पार्टीभित्र र बाहिर परिवन्दमा पर्दै गएका छन् । आफ्नै पार्टीबाट विभाजित भएर गठन भएको नेकपा-माओवादीसँग कार्यगत एकता गरेका दाहालले अन्य केही साना माओवादी कम्युनिस्ट पार्टीहरुसँग पनि कार्यगत एकता गरेर आफ्नो गुमेको शक्ति आर्जन गर्ने प्रयासमा उनी लागेका छन् । आफ्नै पार्टीबाट विभाजित भएर गठन भएको नेकपा-माओवादीले संविधानसभाको दोस्रो निर्वाचनलाई बहिष्कार मात्र गरेको थिएन, हालको संविधानसभाले संविधान निर्माण गर्न नसक्ने भन्दै गोलमेच सम्मेलनको मागसमेत गरिरहेको छ । संविधान निर्माणका अन्तरवस्तुमा गोलमेच सम्मेलनमै सहमति गरेर संविधान निर्माण गर्नुपर्नेमा नेकपा-माओवादी अडिग रहेको बेला एमाओवादीले उसँग कार्यगत एकता गर्नु भनेको संविधान निर्माण नहुनु नै हो । अर्कोतर्फ एमाओवादीले केही जातीय पार्टी र मधेसवादी दलहरुसँग पनि गठवन्धन गरेको छ । संविधानसभाको निर्वाचन नै बहिष्कार गर्ने र संविधानसभामा रहेका साना दल लगायत मधेसवादी दलहरुसँग कार्यगत एकता र मोर्चावन्दी गर्नुले एमाओवादी अध्यक्ष सदन र सडकबाटै आफ्नो गुमेको शक्ति आर्जन गर्न चाहिरहेका छन् भन्ने प्रष्ट भएको छ । आफ्नै पार्टीभित्र पनि विवादमुक्त हुन नसकेका अध्यक्ष दाहाल यो परिवन्दबाट मुक्त हुन कार्यगत एकता गरेका र मोर्चावन्दी गरेका दलहरुलाई आफ्नो शक्ति आर्जनका लागि सदन र सडक दुवैबाट आफ्नो गुमेको शक्ति आर्जन गर्ने प्रयासका लागि उपयोग गर्न चाहिरहेका छन् । यी दुवै शक्तिलाई आफ्नो गुमेको शक्ति आर्जन गर्ने हतियारका रुपमा दाहालले प्रयोग गर्न खोजेका र आवश्यक परे हतियार जतापनि चलाउन सक्ने हतियारका रुपमा उनले नेकपा-माओवादी र मधेसवादी दलहरुलाई प्रयोग गर्न सक्नेछन् । मधेसी दलहरुसँग मिलेर सदन तताउने र नेकपा-माओवादीसँग मिलेर सडक संघर्ष गर्ने दोहोरो रणनीति अध्यक्ष दाहालले लिएका हुनाले उनी स्वयम् परिवन्दमा परेका छन् ।*

*दाहाललाई संविधानसभाको दोस्रो निर्वाचनले यस्तो परिवन्दनमा पारिदियो कि उनी बाध्य भएर नेकपा-माओवादी र मधेसी दलहरुसँग गठवन्धन गर्न बाध्य भए । उनीहरुसँग गठवन्धन नगरी आफ्नो गुमेको शक्ति आर्जन नहुने विश्लेषण गरेर दाहालले यस्तो कार्य गरेका र उनी अहिले जसरी भए पनि आफ्नो गुमेको शक्ति आर्जन गर्ने प्रयासमा लागेका छन् । नेकपा माओवादी र मधेसवादी दलहरुसँग कार्यगत एकता र गठवन्धन गरे पनि दाहालको लागि त्यो अवस्था सहज भने पक्कै छैन । उनले संविधानसभाभित्र रहेका मधेसवादी दल र संविधानसभा बाहिर रहेको नेकपा-माओवादीसहितका अन्य दलहरुसँग सँगसँगै जान खोज्नु दुई डुङ्गामा खुट्टा हाल्नु सरह जस्तो मात्र भएको छ । दुई डुंगामा खुट्टा राखेको अवस्थामा डुंगा डुब्ने सम्भावना हुन्छ नै अहिले अध्यक्ष दाहाल त्यस्तै अवस्थामा पुगेका छन् । उनले एकैसाथ संविधानसभाको विघटनको माग गर्दै आएको नेकपा-माओवादी र मधेसी जनजाति दलहरुसँग कार्यगत एकता अघि बढाएका छन् । यसरी दाहालले आफ्नो शक्ति आर्जन गर्ने प्रयासमा विपरित ध्रुवका दलहरुसँग एकैसाथ अघि बढ्न खोज्नु आगोसँग खेल्नु सरह हुँदैन भन्न सकिँदैन ।*

*अहिले काँग्रेस, एमाले सत्तामा रहेका हुनाले पनि दाहाललाई अन्य दलहरुसँग कार्यगत एकता गर्नुपर्ने बाध्यता थियो । दाहालकै भनाइमा मोर्चाबन्दीले संविधान निर्माणमा काँग्रेस, एमालेलाई दबाब दिने भन्ने प्रचार गरिए पनि त्यसले संविधान निर्माणलाई अवरोध नै पुर्‍याउन सक्ने र संघीयताको विषयमा यसले जटिलता ल्याउने प्रायःनिश्चित जस्तै देखिएको छ । संविधानसभाको चुनावै बहिष्कार गरेको नेकपा-माओवादीसँग कार्यगत एकता गरेको एमाओवादीलाई नेकपा-माओवादीले विस्तारै सडक संघर्षमा ल्याउन सक्ने सम्भावना भएको हुनाले एमाओवादीकै कारण संविधान निर्माण हुन सक्ने सम्भावना न्यून देखिएको हामीले ठहर गरेका छौं ।*

# दाहालका दुई खुट्टा दुईतिर त्यसैले संविधान निर्माणलाई अवरोध

*देवेन्द्र चुडाल*

संविधानसभाको दोस्रो निर्वाचन संविधान निर्माण गर्नैका लागि भएको हो । संविधानसभाले व्यवस्थापिका संसदको समेत काम गर्नुपर्ने भएको हुनाले त्यसलाई दोस्रो प्राथमिकतामा राख्दै पहिलो प्राथमिकतामा परेको संविधान निर्माणको कार्यलाई अघि बढाउनु नै संसदको पहिलो काम भए पनि पछिल्लो समयमा सत्ताधारी दलहरू आपसी विवादमा अल्झिनु भनेको २०७१ साल माघ ८ गतेभित्रमा संविधान निर्माण नहुनु नै हो । संविधानसभाको दोस्रो निर्वाचनमा जनतासामु जाँदा प्रायः सबै दलहरूले एकवर्षभित्रमा संविधान निर्माण गर्ने र संविधानसभाको चुनाव सम्पन्न भएको ६ महिनाभित्रमा स्थानीय निकायको चुनाव सम्पन्न गर्ने प्रतिवद्धता जनतासामु गरेका भए पनि दलहरूले ६ महिनाभित्रमा स्थानीय निकायको चुनाव सम्पन्न नगराएर जनतासामु आफैँले गरेका प्रतिवद्धताहरू उल्लंघन गरेका छन् । दलहरूले आ–आफ्नो चुनावी घोषणापत्रमा उल्लेख गरेका कतिपय महत्वपूर्ण कुराहरू उल्लंघन गर्दै अघि बढेका हुनाले २०७१ माघ ८ गतेभित्रमा संविधान निर्माण हुने कुरामा जनताले विश्वास गर्न सकिरहेका छैनन् । तत्कालीन अवस्थामा सबैभन्दा ठूलो पार्टी भएको एमाओवादी संविधानसभाको दोस्रो निर्वाचनमा तेस्रो ठूलो दलमा खुम्चिन पुग्दा उसले अहिलेकै अवस्थामा स्थानीय निकायको चुनावमा जान नसक्ने उद्घोष गरेपछि सत्ताधारी दल नेपाली काँग्रेस र नेकपा एमाले पनि स्थानीय निकायको चुनावबाट पछि हटेका छन् । स्थानीय निकाय अहिले भ्रष्टाचारको अखडा बनेको र विकास निर्माणमा समेत अवरोध सिर्जना भएको हुनाले स्थानीय निकायको चुनाव अनिवार्य भए पनि दलहरूको अकर्मण्यता र नालायकीपनकै कारण स्थानीय निकायको चुनाव हुन नसकेको र जनताले अनाहकमा सास्ती भोग्नु परेको सत्य वास्तविकतालाई मनन् गरेर जति सक्दो चाँडो स्थानीय निकायको चुनाव गराएर विकास निर्माणलाई तिव्रता दिँदै प्रजातान्त्रिक व्यवस्थालाई मजवुत पार्नु दलहरूको कर्तव्य हो । स्थानीय निकाय बलियो नभएको खण्डमा जस्तोसुकै व्यवस्था लागू गरे पनि जनताले चाहे अनुसारको सेवा सुविधा पाउन सक्ने सम्भावना नैं रहँदैन ।

केही समय पहिला भारतीय विदेशमन्त्री सुष्मा स्वराज नेपाल भ्रमणमा आएकी र उनलेसमेत दलहरूलाई संविधान निर्माणसँगै स्थानीय निकायको चुनाव गराएर विकास निर्माणका कार्यमा जनतालाई सरीक गराउन राजनीतिक दलका नेताहरूसँग आग्रह गरेकी थिइन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी आउँदो आइतबार २ दिने नेपाल भ्रमणमा आउने निश्चित भएको छ । भारतीय प्रधानमन्त्री मोदीले नेपाल भ्रमणमा रहँदा राष्ट्रपति, प्रधानमन्त्री हुँदै विभिन्न राजनीतिक दलका नेताहरूसँग भेटघाट गर्ने कार्यक्रम रहेकोले उक्त भेटघाट कार्यक्रमलाई विकास निर्माणका कार्यमा सहयोगीका रूपमा अगाडि बढाउन सके त्यो नेपाल र नेपाली जनताकै पक्षमा हुनेछ । भारत नेपालको महत्वपूर्ण छिमेकी मुलुक रहेको र खुला सिमानाका कारण र धार्मिक तथा सांस्कृतिक सम्बन्धका कारण पनि प्रधानमन्त्री मोदीको नेपाल भ्रमण महत्वपूर्ण रहेको छ । नेपालको विकास निर्माणमा भारतले महत्वपूर्ण भूमिका खेलेको हुनाले मोदीको भ्रमणलाई नेपालले उपलब्धिमूलक बनाउनको लागि सबै राजनीतिक दलहरूको सामूहिक प्रतिवद्धता जनाएर एकै स्वरमा अहिलेसम्म उब्जिएका समस्याहरूका बारेमा प्रधानमन्त्री मोदीसँग प्रश्न उठाउनु पर्दछ । अहिलेसम्म नेपालका राजनीतिक दलका नेताहरूलाई समस्या उठाउन सक्ने तर त्यस्ता समस्याहरूको समाधानको बाटो पहिल्याउन नसक्ने आरोप लाग्दै आएकोमा अब त्यो आरोपबाट राजनीतिक दलका नेताहरूले मुक्त हुनै पर्दछ । नेपालका कूटनीतिक क्षेत्रका विज्ञहरूले भनेझैँ भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणलाई नेपाल–भारत सम्बन्धमा दुई पक्षीय लाभ हासिल गर्ने अवसरका रूपमा लिन सकेमात्र राजनीतिक दलका नेताहरूको विश्वसनीयता क्रमशः बढ्दै जान्छ । यस भ्रमणलाई दुई देशबीच विश्वास र मैत्रीपूर्ण सम्बन्धका लागि ईटा थप्न सकिने सुवर्ण अवसरलाई किमार्थ नेपालले गुमाउनु हुँदैन ।

पछिल्लो समयमा काँग्रेस र नेकपा एमालेबीच केही कटुता उत्पन्न हुन सक्ने अवस्था देखिएको छ । संविधानसभाको दोस्रो निर्वाचनपछि सरकार निर्माण गर्ने क्रममा नेपाली काँग्रेसले नेकपा–एमालेसँग गरेको सातबुँदे सहमति अहिले चर्चाको विषय बनेको छ । नेकपा एमालेका नवनिर्वाचित अध्यक्ष एवम् संसदीय दलका नेता केपी ओलीले काँग्रेस एमालेबीच भएको सात बुँदे सहमति अक्षरस पालना हुनुपर्ने यदि त्यसो नभएको खण्डमा सरकार संचालनमै संकट आउने अभिव्यक्ति दिएका छन् । काँग्रेस–एमालेबीच भएको सात बुँदे सहमतिमा दोस्रो संविधानसभाले पहिलो संविधानसभाले निर्वाचित गरेका राष्ट्रपति र उपराष्ट्रपतिलाई नचिनेको हुनाले कि त राष्ट्रपति र उपराष्ट्रपतिको चुनाव हुनुपर्ने यदि त्यस्तो नहुने हो भने अहिलेको संविधानसभाबाट उनीहरू अनुमोदन हुनुपर्ने सहमति गरेको थियो । काँग्रेसको बुझाईमा राष्ट्रपतिबाट सरकारको नीति तथा कार्यक्रमको घोषणा भइसकेको र संसदले राट्रपतिलाई धन्यवाद समेत दिइसकेको हुनाले अब राष्ट्रपति र उपराष्ट्रपतिलाई संसदले अनुमोदन गरिरहनु पर्ने आवश्यकता नरहेको भनाइ र नेकपा एमालेले अनुमोदन हुनुपर्ने, त्यसो नहुने हो भने राष्ट्रपति र उपराष्ट्रपतिको चुनाव हुनुपर्ने अडानलाई कडाइका साथ उचालेको हुनाले पहिला यो मुद्दामै सहमति हुनुपर्ने आवश्यकता देखिएको छ । नेपालका राजनीतिक दलका नेताहरू सत्ता प्राप्तीका लागि जस्तासुकै र जोसँग पनि जस्तासुकै सहमति र सम्झौता गर्छन् । भोलि त्यसले के असर पर्दछ भन्ने गहन अध्ययन र विश्लेषण नै नगरी गरिने सहमति र सम्झौताले गर्दा दलहरूमा कटुता उत्पन्न हुने गरेका छन् । अहिले नेकपा एमालेले नेपाली काँग्रेससँग भएको सात बुँदे सहमति दराजमा थन्क्याउन र सोकेशमा राख्नको लागि नगरिएको भन्दै कडा शब्दमा त्यो सहमति अविलम्व पालना वा कार्यान्वयन हुनुपदर्छ भनिरहेको अवस्थामा काँग्रेसले भने केही प्रतिक्रिया जनाएको छैन । अर्कोतर्फ एमाओवादीले समेत प्रमुख प्रतिपक्षीको भूमिका राम्रोसँग निभाउन नसकेको आरोप उमाथि लाग्दै आएको छ । एमाओवादी सत्ताबाट बाहिरिनुको पीडा भोग्न बाध्य भएको र काँग्रेस एमालेबीच कटुता उत्पन्न भएको खण्डमा ऊ काँग्रेसलाई साथ दिएर सत्तामा जान आतुर रहेको हुनाले यी तीन ठूला दलकै कारण माघ ८ गतेभित्रमा संविधान निर्माण हुन सक्ने सम्भावना न्यून देखिएको छ । संविधानसभाका अध्यक्ष सुवास नेम्वाङ पनि अहिले तोकिएको समयभित्रै संविधान निर्माण हुने कुरामा विश्वस्त हुन सकिरहेका छैनन् । उनले सार्वजनिक कार्यक्रमहरूमै तोकिएको समयमै संविधान निर्माण गर्न दलहरूलाई दबाब दिन आग्रह गरिरहेकाले पनि प्रष्ट हुन्छ कि तोकिएको समयमै संविधान जारी हुन सक्दैन । राजनीतिक दलहरूले ६ महिनाभित्रमा स्थानीय निकायको चुनाव सम्पन्न गर्ने प्रतिवद्धता उल्लंघन गर्दा समेत उनीहरूमाथि खासै कुनै दबाब दिन नसकेको र अब एक वर्षभित्रमा संविधान निर्माण नभए पनि कसैले केही गर्न नसक्ने विश्लेषण गर्दै दलहरू सत्ताको पेरीफेरीमा घुम्न थालेका छन् । संविधानसभा अन्तर्गत गरेको संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका सभापति डा. बाबुराम भट्टराईले केही दिन पहिला विराटनगरमा पुगेर माघ ८ गतेभित्रमा संविधान जारी नभए पनि आकाश नखस्ने र पृथ्वी पनि नभासिने अभिव्यक्ति दिएका छन् । संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति संविधान निर्माणका लागि सबैभन्दा महत्वपूर्ण समिति हो त्यही समितिका सभापतिले त्यस्तो अभिव्यक्ति दिएपछि तोकिएको समयसीमा भित्रैमा संविधान निर्माण हुन्छ भन्ने ग्यारेन्टी के ?

संविधान निर्माणका लागि आजका मितिसम्म संविधानसभामा एउटा पनि सहमति भएका छैनन् । पहिलो संविधानसभा अन्तर्गत रहेको संवैधानिक समिति अन्तर्गत बनेको विवाद समाधान उपसमितिले सहमति गरेका केही झिना मसिना कुराहरूमा सहमति भयो भनेर संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिले बाहिर प्रचार गर्नुको कुनै अर्थ रहँदैन । पहिलो संविधानसभाले संविधानसभाभित्रै गरेका सहमतिहरू समेत भोलिपल्टै उल्ट्याइएको थियो । २०६९ जेठ २ गते भएका सहमतिहरूलाई २०६९ जेठ ३ गते नै उल्टाइएको सत्यवास्तविकता सबैको सामु छर्लङ्ग रहेको अवस्थामा केही झिनामसिना बुँदाहरूमा समितिमा सहमति हुँदैमा त्यसैलाई सहमति भयो भनेर प्रचार–प्रसार गरिनु समितिले काम देखाउन खोज्नु मात्र हो । पहिलो संविधानसभाले संविधान निर्माण गर्न नसकेका विवादित बुँदाहरू अहिले पनि जस्ताका तस्तै रहेका छन् । पहिलो संविधानसभाले संविधान निर्माण गर्न नसकेका विवादित विषयहरूमा अहिलेसम्म कुनै छलफल र बससै हुन सकेको छैन । दलहरू पहिला झिना मसिना बुँदाहरूमा अल्झिएर गम्भीर बुँदाहरूमा प्रवेश नै गरेका छैनन् । अर्थात् पहिलो संविधानसभाले किन संविधान निर्माण गर्न सकेन, त्यस बेला अवरोधहरू के के हुन् भनेर विवादित बुँदहरू छुट्याउने कार्य नै अहिलेसम्म भएको छैन । प्रमुख तीन दलबीच शासकीय स्वरूप, निर्वाचन प्रणाली, न्यायप्रणाली, प्रदेशको विभाजन, माथिल्लो सभामा सदस्य संख्या, तल्लो सदन अर्थात् प्रतिनिधिसभामा सदस्य संख्या कति हुने, प्रदेशको नामाकरण कसले गर्ने जस्ता महत्वपूर्ण बुँदाहरूमा दलहरूबीच मुख्य विवाद रहेको छ । नेपाली काँग्रेसले संसदबाटै चुनिएको आलंकारिक राष्ट्रपति र संसदबाटै चुनिएको कार्यकारी प्रधानमन्त्रीको पक्षमा अडान लिएको छ भने नेकपा एमालेले जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री र संसदबाट चुनिएको आलंकारिक राष्ट्रपतिलाई आफ्नो बटम लाइन मानेको छ । त्यसै गरी प्रमुख प्रतिपक्षी दल एमाओवादीले जनताबाट प्रत्यक्ष चुनिएको कार्यकारी राष्ट्रपतिको अडान लिएको छ । उसले आफ्नो मुद्दालाई बलियो रूपमा सदन र सडकबाटै उठाउनको लागि संसदमा रहेका मधेसवादी र केही जनजाति दलहरूसँग मोर्चावन्दी गरेको छ भने सडकबाटै मुद्दा उठाउनको लागि संविधानसभाको चुनाव बहिष्कार गरी संविधानसभाको विघटनको माग गर्ने नेकपा–माओवादीसहितका अन्य केही साना कम्युनिस्ट पार्टीहरूसँग कार्यगत एकतासमेत गरिसकेको अवस्थामा के बहुमतीय पद्धतिबाट संविधान जारी होला त ? संविधान, संविधानका लागि नभएर सबै समस्याहरूको समाधान गर्ने प्रमुख दस्तावेजको रूपमा संविधान निर्माण गरिएमा मात्र त्यो संविधान सबैको लागि स्वीकार्य हुन सक्छ, यदि त्यस्तो नभएमा संविधान निर्माण भएको भोलिपल्टै संविधान जल्न सक्ने सम्भावना पनि उत्तिकै रहेको छ ।

एमाओवादीले अहिले दोहोरो भूमिका खेलिरहेको छ । एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल आफ्नो गुमेको शक्ति आर्जन गर्नका लागि दुई डुंगामा खुट्टा राख्न पुगेका छन् । एकातिर संविधानसभाको विघटनको माग गर्ने नेकपा–माओवादीसँग सडकमा सडक संघर्ष गर्ने तरखरमा उनी लागेका छन् भने अर्कोतर्फ एक मधेस एक प्रदेश र जातीय पहिचानका आधारमा संघीयता हुन पर्दछ भन्ने जनजाति संघ संगठनहरूसँग संसदमै संघर्ष गर्ने भनेर मोर्चावन्दी गरिसकेको अवस्थामा अब एमाओवादीका अध्यक्ष दाहालको भूमिकाले मात्र संविधान निर्माण हुने र नहुने कुरामा भर पर्दछ । पुष्पकमल दाहाल संविधानसभाको दोस्रो निर्वाचनपछि आफ्नो गुमेको शक्ति आर्जन गर्नका लागि पहिला उच्चस्तरीय राजनीतिक संयन्त्र बनाउनु पर्ने र त्यसको स्थायी अध्यक्ष आफू बन्न पाउनुपर्नेमा अडिग थिए तर उनको त्यो इच्छा पूरा नभएपछि जसरी भए पनि आफू राजनीतिक शक्ति केन्द्रमा रहिरहन जस्तोसुकै हथकन्डा अपनाउन पनि पछि नपर्ने संकेतहरू देखाउन थालेका हुनाले मुलुक थप संकटतिर धकेलिने सम्भावनालाई इन्कार गर्न सकिँदैन ।

devendrachudal@gmail.com

# मोदीको भ्रमण : जीवन कि मृत्युको घण्ट ?


राजन कार्की

संविधान निर्माणमा जुटेको संविधानसभाको हल खाली खाली देखिन्छ तर नेपाली राजनीतिक, कूटनीतिक र नागरिक समाजमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणको चर्चा व्यापक हुँदै गएको छ । साउन १८ गते नेपाल भ्रमणमा आउने मोदीले त्यसै दिन नेपालको संसदलाई संवोधन गर्नेछन्, के भन्लान् मोदी ? उनको भनँइ सुन्न सिंगो विश्व प्रतिक्षारत छ । किनभने नेपाल विश्वकै सामरिक महत्वको देश हो । किन दक्षिण एसियामा अमेरिकी दूतावास सबैभन्दा ठूलो र प्रभावशाली छ, किन भारत र चीनको बढी ध्यान नेपालमा बढिरहेको छ, यसैबाट शिद्ध हुन्छ कि विश्व राजनीतिमा नेपालको महिमा र गरिमा झन बढेर गएको छ । दक्षिणको भारत विश्व आर्थिक शक्ति बन्ने दौडमा छ, उत्तरको चीनको आर्थिक प्रगतिले विश्वबजार छोप्न थालिसकेको छ । यी दुबै मुलुकको बीचमा ' दुई ढुंगाको तरूल' बनेर रहेको नेपालमा नेहरूपछि पहिलोपल्ट भारतमा उदय भएको नरेन्द्र मोदीको नेतृत्व नेपाल भ्रमणमा आउनेवाला छ । मोदीको नेपाल भ्रमण पशुपतिको दर्शन सिद्राको व्यापारमात्र होइन भन्ने नेपालले राम्ररी बुझ्नुपर्छ ।

मोदी जादूगरभन्दा कम देखिदैनन् । किनभने यी साम्प्रदायिक छन् भन्ने निष्कर्षमा पुगेको अमेरिकालाई उनको जबरजस्त राजनीतिले कायल बनाइदियो । राष्ट्रपति ओवामाले मोदीलाई दुईपटक अमेरिका भ्रमणका निम्तो दिइसके । तीन दिनअघिमात्र पनि ओवामाले मोदीको नेतृत्वको प्रशंसा गरेका छन् । आर्थिक क्रान्तिको 'मोदी मोडल' को सनसनीका साथ भारतमा उदाएका मोदी नेपाल आउनेवाला छन् र भारतले नेपाललाई उच्च प्राथमिकतामा राखेको प्रष्टोक्ति गत आइतवार नेपाल भ्रमणमा आएकी भारतकी विदेशमन्त्री सुषमा स्वराजबाट भइसकेको छ । मोदीको नेपाल भ्रमण कार्यक्रमले नेपाल सरकार, नेपालको संसद र संविधानसभा संविधान निर्माण प्रक्रियालाई थाँति राखेर नेपाल-भारत सम्बन्ध र भारतका सामु राख्ने एजेन्डाहरू तय गर्ने गृहकार्यमा जुटेको छ ।

ब्रिटिश इण्डियासँग नेपाली बहादुरीका साथ लडे । युध्द मैदानबाट गुञ्जिएको थियो : यो नेपाली शिर उचाली..। पानीढलो थुनेर, रासनमार्ग छेकेर र चक्रव्यूहमा पारेर नेपाललाई हराएपछि १८१६ मा सुगौली सन्धि गर्न नेपाल बाध्य भयो । त्यसपछि मैनबत्ती पग्लेझैं पग्लदै पग्लदै गएको नेपालको वीरतापूर्ण इतिहास लम्पसार राजनीति बन्दै बन्दै गएको हो । १९४७ मा भारत स्वतन्त्र भयो, त्यो स्वतन्त्रता आन्दोलनमा नेपालीले पनि रगत बगाए । त्यो नेपाली रगतको सम्मान गर्न छाडेर भारतले स्वतन्त्र नेपाललाई अघोषित छायाँमा पार्दैगयो । राणा प्रधानमन्त्री मोहनशमशेरलाई सत्ताको लालचमा पारेर सन १९५० को सन्धिमा सही गराइयो, जुन सन्धि पुनरावलोकन गर्न ६४ वर्ष अर्थँत सन २०१४ जुलाई ३ मा हुन लागेको मोदीको नेपाल भ्रमणलाई कुर्नुपर्‍यो । एउटा नेताले गल्ती गर्दा मुलुकले लामो समयसम्म पीडा भोग्नुपर्छ भन्ने प्रमाण हो यो । दिल्ली सम्झौता विरूद्ध डा.केआई सिंहले बिद्रोह गरेका थिए । त्यसपछि दुईपल्ट भारतीय सेना नेपाल पस्यो र कैलालीमा देशभक्त भीमदत्तलाई मारियो । सुगौली सन्धिपछिको त्यो देशवादी युद्ध थियो, त्यसपछि कसैले राष्ट्रवादी युद्ध लडेको देखिदैन । कसैले नेपाली शिर उचालेको पाइदैन । नेपाली शिर झुकाउन सबै अग्रसर भएको कालो इतिहास छ हाम्रो ।

स्वाधीनता र समानताका लागि, सार्वभौमिकता र नयाँ नेपालका लागि माओ नामक हतियारले १७ हजारको ज्यान लिने माओवादी संसद पस्यो, ठूलो पार्टी बन्यो, सत्ताको हाकिमी चलायो र थाक्यो, निस्तेज बन्यो । गत मंसिर ४ को निर्वाचनपछि मेजर शक्ति 'रअ'को एजेण्टको आरोप खेपेर संसदीय गल्ली नेताको दर्जामा झरेको छ । प्रचण्ड र बाबुरामलाई नागरिक स्वाधीनताको अगुवा नेता भनिन्थ्यो, दुबै दिल्ली छलाङ् हान्ने राजेन्द्र महतोको दर्जामा झरे । तिरङ्गाको तिरीमिरी झ्याइँमा रङ्मङ्गिएकाहरूलाई मोदी दीक्षा दिन आउँदैछन्, प्रत्येक नचाहिने कुराको अनुकरण गर्ने हाम्रा नेताहरूले मोदीको स्वाभिमानी साहसबाट केही सिकिहाल्लान् कि ? पराधीन मानसिकताबाट मुक्त भइहाल्लान् कि ? आशा गरौं ।

धुस्नु सोच छ नेपाली राजनीतिमा । भारत जहिले आउँछ, नेपाल खान आउँछ । भारत जे गर्छ, नेपाललाई खाने दाउमात्र गर्छ भन्ने धारणा छ नेपाली राजनीतिमा । लुकी लुकी भारतीय राजदूत र दिल्ली दरवारमा पुगेर सलाम ठोक्ने, शिर झुकाएर बक्सिस खाने नेताहरू सडकमा भारतीय बिस्तारवादविरूद्ध निकै चर्को नारा लगाउँछन् । जनयुद्ध, जनआन्दोलन र त्यसपछि पनि यही मगन्ते राजनीति निरन्तर चलिरहेको छ । स्वाधीनता र स्वाभिमान जिवन्त राख्ने कुनै तत्व र तप्का बाँकी छ कि ? त्यो मोदीको यस भ्रमणबाट स्पष्ट हुनेछ । २०५४ सालमा महाकाली सन्धि पारित गर्न हुन्न भन्ने मनमोहन अधिकारीलाई अस्पतालको बेडबाट च्याकुन्छ्याइँ पारेर संसद पुर्‍याइयो र समर्थनमा मतदान गर्न बाध्य पारियो । केपी ओलीदेखि वर्तमान संसदका अधिकांश नेताहरू उनै छन्, जसले नेपालको सूर्य पश्चिमबाट उदाउँछ भनेका थिए । भ्रम फैलाउने सम्मको दुस्साहस गरेर प्रकृतिलाई चुनौति दिने नेताहरू आज फेरि भनिरहेका छन्- उर्जा र उत्पादन सम्झौता गर्नुपर्छ । निश्चय नै आवश्यक भएजति सम्झौता गर्नुपर्छ, भारतसँग भएका सबै सम्झौता समयानुकूल परिमार्जन गर्नैपर्छ । मोदी आउने छन्, यो मौकामा मोदीको चमत्कारिक मनलाई पगालेर नेपाल-भारतवीचका सबै विषालु र खिल पल्टेका तुषहरूको ओखती गर्नैपर्छ । क्यान्सर हुने सम्भावना राख्नुहुन्न । र, नेपालमा कोही पनि भारतविरोधी छैन, नेपालमा देखिएको विरोध भारतको गलतनीति, सीमाअतिक्रमण र नेपालीलाई दुःखदिने हस्तक्षेपकारी भारतीय नोकरशाहीतन्त्रको हो । त्यो पुरातन भारतीय थाङ्ने प्रवृत्तिलाई आधुनिकीकरणमा परिमार्जन र सुधार्न नेपाली नेताहरू एक भएर आग्रह गर्ने हो भने मोदीले छिमेकीको दुःखेको मनमा मलम लगाउने निश्चित छ । मुख्य कुरा वीरका सन्तानको रगत छ भने नेताहरूले नरेन्द्र मोदीका सामु नेपालको चाहना स्पष्ट प्रस्तावका रूपमा राख्न सक्नुपर्छ । यसैमा नेपाल-भारत सम्बन्धमा नयाँपन आउनसक्छ र नेपाली स्वाभिमानको संरक्षण हुनसक्छ ।

नेहरूले १९५० मै नेपाललाई भारतमा नमिलाएर भारतले हिमालय भूल गरे, छिटोभन्दा छिटो त्यो भूल सुधार्नुपर्छ भन्ने मानसिकता भारत नीतिकारहरूको छ । १९७५ मा सिक्किमलाई भारतमा मिलाउने नीतिकारहरूको अवधारणा हो त्यो । १९७५ पछि समयले धेरै ठूलो फड्को मारिसकेको छ । मोदी छिमेकीलाई विश्वासमा लिएर विश्वनेता बन्ने 'राजनेता'का रूपमा उभिएका छन् । त्यस्तो राजनेता छिमेकीलाई खाने वा छिमेकीलाई दास बनाउने सामन्त बन्न सक्दैन । सामन्तसोच वर्तमान विश्व राजनीतिले नकारिसकेको यथार्थ हो । यसकारण मोदी नेतृत्वको भारत नेपाललाई बिखण्डन गर्ने, बिलयन गर्ने अथवा भुटानीकरण गर्ने अभिष्ट बोकेर पशुपति दर्शन गर्न आउन लागेका हुन् भन्नु गलत हुनेछ । नेपाली राजनीतिमा स्वाभिमान मरिसकेको छैन, नेपाली संसदमा स्वार्वभौमिकता बाँकी छ भने नरेन्द्र मोदीसँग नेपाल-भारत सम्बन्धलाई राजनीतिक व्यवहारमा उतार्न उत्साहित र उत्प्रेरित गर्नुपर्छ । मोदी खुला दिल र मित्रताको हात बढाएर नेपाल आउँदैछन्, नेपाली नेताहरूले मोदीलाई हार्दिकताले बाँध्न सके भने १८०८ किलोमिटर लामो खुला सीमा, ६२ ठाउँमा अतिक्रमणको समस्या, कालापानी, सुस्ता, सबै सन्धिहरूको तनावबाट नेपाल मुक्त हुनसक्छ । नयाँ नेपालको प्रस्थान विन्दु मोदीको यही नेपाल भ्रमणबाट हुनेछ । मोदीको नेतृत्वको भारतले नेपालबाट खोज्ने एउटै चाहना हो : नेपाली भूमि भारतविरूद्ध प्रयोग नहोस् । चीनले खोज्ने पनि यही हो । नेपालले भारत र चीन दुबैको सामयिक इच्छा बुझिदिनुपर्छ । कुनै पनि मुलुक बिरूद्धको असामयिक अथवा आतंककारी आधारभूमि नेपाल बन्न दिनुहुन्न । यही विश्वासको आधारमा नेपाल दुबै आर्थिक र सामरिक शक्तिको ट्रान्जिट प्वाइन्ट बन्नसक्छ । ०६३ सालको परिवर्तनपछि जन जनमा फैलिएको 'नयाँ नेपाल, गया नेपाल' को नैराश्यता मेटाउने र सिङ्गो मुलुकलाई उर्जाशील बनाउने सुवर्ण अवसर हो यो । मोदीको भ्रमणलाई भारतमुखी कलंक बोकेका हाम्रो राजनीतिक क्षेत्रले नेपालमुखी राजनीतिमा रूपान्तरण गर्नसके भने तिनले आजसम्मका सबै राजनीतिक अपराधहरूबाट मुक्त भएर बैतर्णी तर्न सक्नेछन् ।

कोशी, गण्डकी, महाकालीमा राष्ट्रघात गरेको कांग्रेसले बिर्सियो । महाकाली सन्धिमा चुकेको आत्मग्लानी एमालेले बिर्सियो । माओले तेस्रो चरणको युध्द विदेशी हस्तक्षेपविरूध्द लडेको र अन्तमा जनताका सामु घुँडा टेकेर सबै गल्ती कमजोरीप्रति जनतासँग माफी मागेको यथार्थ माओवादीले बिर्सियो । ठिकै छ, बिर्स । अव राष्ट्र नबिर्स, जिम्मेवारी नबिर्स । इतिहासबाट पाठ सिकेर वर्तमानलाई देशभक्ति मार्ग प्रशस्त गर्ने कार्य नबिर्स । नेपाली माटो संकटमा छ । माटो भए नेपाली जाति बाँच्ने हो । यो प्रसव बेदनाको समय हो, त्यसकारण नेपाली माटो र नेपाली जातिले स्वाधीन नेपाल खोजेको छ, राष्ट्रिय स्वाधीनतालाइ नबिर्स । नयाँ नेपाल बनाउने विश्वास जगाउन चरमराएको र धरमराएको नेपाली सार्वभौमिकतालाई दरिलो र दर्बिलो बनाउने समय हो यो । मोदीको नेपाल भ्रमणलाई 'जिवन बनाउने कि मृत्युको घण्ट बजाउने ? लेण्डुप बन्ने कि बिस्मार्क ?' नेताहरूले निर्णय गरून् ।

# नेपाली महिलाबारे एमनेष्टीको डरलाग्दो रिपोर्ट

*सुजाता सिंह*

एमनेस्टी इन्टरनेसनलले गएको फागुन ८ गते सार्वजनिक गरेको तथ्याङ्क साँच्चिकै उदेकलाग्दो थियो । एमनेस्टीका अनुसार नेपालमा महिलाले अविवेकी ढङ्गले काम गर्नुपर्ने वातावरण, कम उमेरमा विवाह र धेरै बच्चा जन्माउनुपर्ने बाध्यताले गर्दा उनीहरूको पाठेघर झर्ने समस्या धेरै छ । संयुक्त राष्ट्रसङ्घले नेपालका एक करोड ३६ लाख महिलामध्ये १० प्रतिशत समस्याबाट पीडित रहेको जनाएको छ । नेपालमा अहिले करिब ६ लाख महिला पाठेघर झर्ने समस्याबाट ग्रसित छन् भने दुई लाख महिला तुरून्तै अप्रेसन गर्नुपर्ने अवस्थामा छन् । पाठेघर झर्ने समस्या लिएर पुग्नेमध्ये अधिकांश ३५ वर्षभन्दा बढी उमेरका छन् । जो बिहान-बेलुका छाक टार्नसमेत अरूकोमा बनिबुतो गर्न बाध्य छन्- एमनेस्टीले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ ।

एमनेस्टीको प्रतिवेदनले बाहिर ल्याएका ६ लाखमध्येकी एक हुन्- उदयपुर त्रियुगा नगरपालिका- १६ माथाने टोलकी आइतीमाया दनुवार । १५ वर्षमै मागीविवाह गरेकी आइतीमायाले पहिलो सन्तान १७ वर्षमै जन्माइन् । चार सन्तानकी आमा बनेकी आइतीमायालाई सुरूवातका दिनमा ढाड दुख्ने, तल्लो पेट दुख्ने र बसेर काम गर्न केही असहज भयो । तर, उनले आफ्नो स्वास्थ्यमा खासै ध्यान दिइनन् । बिस्तारै पाठेघर बाहिर निस्कन थाल्यो । श्रीमतीको पाठेघर झरेको जानकारी भए पनि श्रीमान्ले खासै वास्ता गरेनन् । करैकरमा चार सन्तान जन्माएँ भन्छिन् आइतीमाया । 'सुत्केरी अवस्थामा मैले जङ्गल गएर दाउराको भारीदेखि घरका काम भ्याउनुपर्थ्यो,' आइतीमाया भन्छिन्, 'उसबेला सबैले काममा पेलाए, अहिले उमेरमै रोगी भइयो, दोस्रो सन्तान जन्मेपछि नै मलाई यो रोग लागेको थियो ।' उनले दुखेसो पोखिन्, 'श्रीमान्सँग भन्दा पनि कान्छी ल्याउलान् भन्ने डर । समाजले थाहा पाए हेलाहोचो गर्ने डर । त्यही भएर बेथालाई मनमै लुकाएँ ।' उदयपुर सैनामैनाकी २८ वर्षकी एक महिलाका अनुसार उनका आफन्तले श्रीमतीलाई पाठेघर झर्ने समस्या देखिएपछि सौता ल्याए । 'उपचार गर्नु त कहाँ हो कहाँ भान्जीदिदी बिरामी भएपछि त भेनाले सौता ल्याएका छन्, दिदी अहिले रूँदै बसेकी छिन्,' उनी भन्छिन्, 'अहिले मलाई पनि भान्जीदिदीलाई जस्तै रोग लागेको छ । बूढाले थाहा पाए भने सौता खेप्नुपर्ला भनेर बरू रोग नै खपेर बसेकी छु ।'

उमेरले ८२ वर्ष कटेकी त्रियुगा नगरपालिका- ७ की नरमाया पोखरेल अहिले दुःखसुख आफ्नो दिन काट्दै छिन् । दोस्रोपटक महिनावारी हुनेबित्तिकै गर्भवती भएकी नरमायाले १६ वर्षमा पहिलो सन्तान जन्माइन् । नरमायाको पाठेघर त्यतिबेलै झरिसकेको रहेछ, तर आफूलाई के भएको भन्ने थाहा भएन उनलाई । 'शारीरिक सम्पर्क गर्दा गाह्रो हुने बताउँदा श्रीमान्ले कहिल्यै वास्ता गरेनन्, सकिनसकी चार सन्तान जन्माएँ,' पोखरेल आँसु पुछ्दै भन्छिन्, 'मलाई रोग लाग्यो, अब सन्तान नजन्माऊँ भनेपछि बूढाले सौता ल्याए ।' सानै उमेरमा वैवाहिक सम्बन्धमा बाँधिएकी उनलाई श्रीमान्, सासू कसैले साथ दिएनन् । नरमाया भन्छिन्, 'मलाई रोग लागेको थाहा पाएपछि उपचारमा लैजानु त परै जाओस् जिन्दगीभर दुख्ने सौता भित्र्याए ।' त्रियुगा नगरपालिका- १० बगाहाकी हीरादेवी झा भने पाठेघर झर्ने समस्याका कारण मर्नु न बाँच्नुको अवस्थामा छिन् । श्रीमान्का पहिलाका दुई श्रीमतीबाट सन्तान नजन्मिएपछि सुस्तमनस्थितिकी हीरामायालाई कान्छी श्रीमतीका रूपमा भित्र्याए, तर उनीबाट तीन सन्तान जन्मिएपछि श्रीमान्ले वास्ता गरेनन् । उनको पाठेघरको शल्यक्रिया सम्भव भए पनि शल्यक्रियापछि गर्नुपर्ने हेरचाह र पालनपोषण गर्ने कोही नहुँदा दुःख सहँदै बसेकी छिन् ।

पाठेघर खस्ने समस्याले थलिएका यस्ता महिला उदयपुरको गाउँगाउँमा छन् । कोही अधबैंसे उमेरमा नै यो रोगबाट पीडित छन् त कोही जीवनका उत्तरार्द्धमा । सुत्केरी अवस्थामा उचित स्याहार-चाकर नहुँदा गर्भवती अवस्थामा गह्रौं भारी बोक्दा-उचाल्दा महिलाले यस्तो समस्या व्यहोर्नुपरेको हो । पाठेघर खस्ने समस्या महिला भएकै कारणले भोग्ने समस्या हो । तर, श्रीमतीलाई पाठेघर खस्ने रोग लाग्दै छ भन्ने जान्दाजान्दै पनि तिनका श्रीमान्ले उपचार गर्न लैजानु त कता हो कता उल्टै सौता भित्र्याएर पीडामाथि नुनचुक थप्ने काम गरेका छन् । यस्तै बाध्यता भोगेकी नरमाया पोखरेल भन्छिन्, 'मजस्तै पाठेघर खसेका धेरै दिदीबहिनीले रोग लागेका कारण सौता खेप्नुपरेको छ ।'

महिला स्वास्थ्य परामर्शकर्ता शर्मिला निरौलाका अनुसार महिला पाठेघर खस्दै छ भन्ने थाहा पाउनेबित्तिकै अस्पताल जाँदैनन् । 'महिला हत्तपत्त स्वास्थ्य केन्द्रसम्म आइपुग्न मान्दैनन्, निरौला भन्छिन्, 'आइहाले पनि पाठेघरको समस्या लुकाउँछन्, अरू नै रोग देखाउँछन् । यसको कारण श्रीमान् र परिवारबाट हुनसक्ने हिंसा नै हो ।' विगत १६ वर्षदेखि महिला स्वास्थ्य केन्द्रमा परामर्श दिँदै आएकी निरौलाका अनुसार परामर्श केन्द्रमा आउने धेरै महिला दोस्रो चरणमा पाठेघर झर्ने प्रक्रियामा पुगेपछि आउने गरेका छन् । उनको अनुभवमा 'पाठेघर झर्ने समस्याको समाधान भनेको कि त शारीरिक कसरत हो, नत्र शल्यक्रिया नै अन्तिम उपाय हो ।'

महिला स्वास्थ्यको क्षेत्रमा विगत २० वर्षदेखि काम गर्दै आएको संस्था ओरेक नेपालका संस्थापक अध्यक्ष डा. रेणु राजभण्डारी भन्छिन्, 'महिलाको पाठेघर मानवअधिकारको मुद्दा हो । यो रोग लागेका कारण महिलालाई सामाजिक र शारीरिक कुनै पनि रूपबाट विभेद हुनुहुँदैन ।' राजभण्डारीका अनुसार तराईका सिरहा, सप्तरीजस्ता जिल्लाका महिला यो रोगबाट बढी आक्रान्त छन् । तर पनि अन्यत्रजस्तै सामाजिक विभेदको डरले उनीहरूले रोग लागेको कसैलाई थाहा दिँदैनन् । जिल्ला जनस्वाथ्य कार्यालय उदयपुरका प्रमुख डा. चुमनलाल दासका अनुसार, पाठेघर खस्नु भनेको लगातार गर्भवती भइरहने, लामो बेथा लाग्ने तथा बेथा लाग्दा धेरै बल गर्ने महिलाका पाठेघर थाम्ने मांसपेसी र तन्तुहरू कमजोर हुन सक्छन् । यसो हुँदा सिङ्गै पाठेघर वा त्यसको केही अंश झरेर योनिमा आइपुग्छ, त्यसलाई नै पाठेघर खस्नु या आङ खस्नु भनिन्छ । पाठेघर झर्ने समस्याबारे बताउँदै डा. दास भन्छन्, 'पाठेघर तीन चरणमा खस्दछ । पहिलो अवस्थामा स्पेकुलम जाँच गर्दा पाठेघर केही तल खसेको हुन्छ । दोस्रो चरणमा पाठेघर आफ्नो ठाउँबाट निकै तल खसेको हुन्छ । योनिद्वारमा पाठेघरको मुख देख्न सकिन्छ । खोक्दा, कन्दा पाठेघर योनिद्वारबाट बाहिर देखिन्छ । तेस्रो चरणमा पाठेघर पूर्ण रूपले योनिद्वारबाट बाहिर निस्कन्छ । केही महिलामा सुत्ने बेलामा यो योनिद्वारभित्र जान सक्छ, तर कसैमा त्यो नहुन पनि सक्छ ।' उदयपुरमा पाँच वर्षदेखि महिला स्वास्थ्य कार्यक्रम सञ्चालन गर्दै आएकी कमला विश्वकर्माका अनुसार अधिकांश महिला रोग छिप्पिएपछि मात्र परामर्श र उपचार गर्न आइपुग्छन् । 'यसको मुख्य कारणचाहिँ श्रीमान् र परिवारका सदस्यले पाठेघर झर्ने समस्यालाई सामान्य सम्झिदिएर हो ।' विश्वकर्मा भन्छिन्, 'कतिले त आफू परामर्श गर्न आएको कुरा श्रीमान्ले थाहा पाउलान् कि भनेर नामै ढाँट्छन् । आफूलाई यस्तो रोग लागेको थाहा पाए श्रीमान्ले सौता ल्याउँछन् भन्ने डर अधिकांश रोगीमा देखिन्छ । 'पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय धनकुटाका प्रमुख डा. सुशील प्याकुरेलका अनुसार पूर्वका १६ जिल्लामध्ये सिरहा, सप्तरी, उदयपुरमा महिला पाठेघर झर्ने समस्याबाट बढी पीडित छन् । डा. प्याकुरेल भन्छन्, 'महिला आफ्नो स्वास्थ्यबारे खुलेर बाहिर आउन नसक्नु नै पाठेघर झर्ने समस्याले पिरोलिने प्रमुख कारण हो ।' महिलाको पाठेघर झर्ने समस्यामा गम्भीर हुँदै पूर्वका केही अस्पतालमा पाठेघर झर्ने समस्याको निःशुल्क उपचार गर्ने व्यवस्था गर्ने तयारी भइरहेको प्याकुरेलले जानकारी दिए ।

# Pakistan, USA Relations and India

*Ali*

The questions I ask , "Are you against the Aman Ki Asha?" Every time, I get the same answer wrapped up in astonishing bewilderment, "Who says we are against the Aman Ki Asha? But favouring Aman Ki Asha does not mean selling our ego, self-respect and our basic human rights to India. The desire of peace is appreciable but not at the cost of ones existence and at the terms of inequality." Friendly relations with the neighboring countries must be the desire and wish of every Pakistani but as far as India is concerned, the role of India in developing cordial relationship with Pakistan has ever been very suspiciously silent and negatively passive. In the last 66 years, there had been not even a single moment when Pak-India relations could be labeled as cordial and peaceful. There is always a state of war along the boundaries between the two countries. The Kashmir issue, the Kargil, the Sir Creek, the Indus Water Treaty and the Mumbai Attacks; the list of confronting and conflicting matters is very long. Though Pakistan has ever tried to normalize the situation so many times by giving positive gestures leading to confidence building measures but all its efforts remained futile and fruitless. India has never been desirous of peace and prosperity in Pakistan. It is a proven fact that most of the separatists in Balochistan and the terrorists in the tribal areas of Pakistan are fully supported and sponsored by India. Even in Karachi, the law enforcement agencies have pointed out the presence of the Indian elements so many times. Instead of making things easier for Pakistan, India is trying to create more obstructions and hurdles by constructing dams on the rivers flowing towards Pakistan. But in spite of all these 'mischievous activities' the people of Pakistan went friendship with India if it brings a positive change in its behaviour. It is also a fact is that India is not the country of only the Hindus; there are millions of Muslims who are the Indian nationals. Some static surveys say that the total number of the Muslims in India is far greater than the whole population of Pakistan. It is also true that the Muslims living in India are leading a miserable life. They are always maltreated, humiliated and degraded as the other minorities in India are but they have no other choice. If the people of Pakistan have sympathy with India; it is just because of their Muslim brothers there. If there were as many Muslims in USA as there are in India and they were leading a life of humiliation and degradation, the people of Pakistan might have the same inclination towards the US.

Another question I usually ask my people is about the presence of US behind the problems, social, political and economic which this nation has been facing since long. In response to my second question, the comments are always the same, very straight forward, very abrupt. 'Yes-It is the US, the actual root-cause of all our adversity.' This answer reflects that the people of Pakistan rank both India and America at the same place with a slight variation. There is another side of this story which is more interesting. The Indian sponsored terrorist in the tribal areas of Pakistan say they are against the government of Pakistan and as well against the Pakistan Army because they both are looking after the American interests in the region. This blame makes the situation more intriguing. The US openly favours and supports Indian stance at every platform whether it is the issue of the Mumbai blasts or the terrorists attack on the Indian Embassy at Kabul. India keeps on creating hurdles for Pakistan by supporting the separatist elements in Balochistan and the terrorist elements in KPK and in the other tribal areas and the terrorists say they are against Pakistan because Pakistan is an ally of US in the war against terrorism. It is such a complicated story that no one has yet been able to get to the conclusion or to reach the solution. The situation calls for a thorough analysis. When we look at the services and the favours of the US to the Pakistani nation, they are no doubt countless. The US is sponsoring so many projects in Pakistan which are directly linked with the welfare and betterment of the common people in Pakistan. US services for the people of Pakistan in the field of health, education, communication and transport are no doubt worth praising. The USAID program is one of the most emphatic examples in this context. The USAID has set-up many schools in the far flung areas of Pakistan; so many water-treatment plants have been installed to make possible the supply of clean drinking water and above all are the efforts done for gender equality and women's empowerment into all of its programming. The target is to increase opportunities for women's participation in the labor force, expand girls' access to quality basic education, improve maternal and child health, and promote women's rights in political, economic, and social realms. In short the list of services provided by the US government to the people of Pakistan is very long but on the other hand it supports and favours India in all of its anti-Pakistan activities. The question arises whether USA is playing a double game in the region?



# सार्वजनिक सेवाप्रवाह र इ-गभर्नेन्स

*विज्ञान शर्मा*

देशका लागि आवश्यक पर्ने शिक्षित र दक्ष मानवीय संसाधन उत्पादन गर्ने सबैभन्दा ठूलो शैक्षिक संस्था त्रिभुवन विश्वविद्यालयबाट उत्तीर्ण भएपछि प्रमाणपत्र प्राप्त गर्न तपाईं बल्खुस्थित परीक्षा नियन्त्रण कार्यालय पुग्नुहुन्छ । तर, फर्म बुझाउन तपाईंलाई त्यति सहज पक्कै हुनेछैन किनकि तपाईंले त्यहाँ धेरैवटा झ्याल पार गर्नुपर्ने हुन्छ । प्रायः सधैं भीडभाड रहने उक्त कार्यालयमा तपाईंले फर्म लिन एउटा झ्यालमा निकै बेर कुर्नुहुन्छ । त्यसपछि शुल्क तिर्न बैंकको काउन्टरमा फेरि एकछिन धैर्यधारण गर्नुहुन्छ । अनि भौचरको एकप्रति पेस गरेर शुल्क बुझाएको रसिद प्राप्त गर्नुअघि फेरि अर्को झ्याल स्वागतमा प्रतीक्षारत हुन्छ । झ्यालबाहिर तपाईं एक्लै भने हुनुहुन्न । यदि झ्यालबाहिर लाइन छ भने त सहज रूपले उभिन पाउनुहोला तर लाइनको अनुशासन खलबलिएको छ भने झ्यालको प्वालबाट जबर्जस्ती आफ्नो हात छिराउनुहुनेछ र भौचर बुझाउनुहुनेछ । हतार हुनु वा महत्वपूर्ण काम छुट्नु तपसिलको कुरा हुनेछ किनभने यो तपाईंको मात्र समस्या होइन । अब तपाईंको हातमा भौचर बुझाएको प्रमाणस्वरूप रसिद प्राप्त हुनेछ र उक्त रसिद र फर्म बोकेर अन्तिम झ्यालमा जानुहुनेछ, जहाँ फेरि केहीबेर आफ्नो महत्वपूर्ण समय समर्पण गर्नुहुनेछ । यसो गर्दा कम्तीमा तपाईंको आधा दिन चौपट हुनेछ तर निकै ठूलो संघर्षपछि प्राप्त हुन लागेको प्रमाणपत्रले तपाईंलाई सान्त्वना भने पक्कै दिनेछ ।

तपाईं धेरैजसो समय इन्टरनेटमा बिताउनुहुन्छ र हाइटेक कल्चरमा काम गर्ने स्वभाव छ भने निष्कर्षमा पुग्नुहुनेछ- हाम्रो देशमा विद्युतीय शासन अर्थात् इ-गभर्नेन्स होइन, झ्याल गभर्नेन्स छ । सरकारले इ-गभर्नेन्सको चर्चा गरेको वर्षौं भइसकेको छ । तर, सार्वजनिक सेवाप्रवाहमा इ-गभर्नेन्स कहाँ छ, जनताले महसुस गर्न पाएका छैनन् । यदि नेपालमा इ-गभर्नेन्स लागू हुंदो हो त तपाईंले लब्धांकपत्रका लागि घरबाटै फर्म भर्नुहुन्थ्यो र एक क्लिकका भरमा फर्म परीक्षा नियन्त्रण कार्यालयमा दाखिला गर्नुहुन्थ्यो । यदि पासपोर्टको फर्म अनलाइनबाटै भर्ने व्यवस्था हुन्थ्यो भने युवाहरू घामपानी सहेर भोकभोकै राहदानी विभागको गेटबाहिर घटौं लाम लाग्ने थिएनन्, बरू साइबरमा २५ रुपैयाँ खर्च गर्थे । अनलाइनमा अर्डर गरेको मःम तपाईंको घरमा आधा घन्टाभित्र आइपुग्ला । तर, तपाईं उभिएको लाइन डगमग सर्नेछैन । तपाईं करदाता सेवा कार्यालयमा जानुभयो भने कम्तीमा चारवटा भौचर भर्ने धैर्य गर्नुपर्छ किनकि कार्बनकपीको व्यवस्थासम्म छैन ।

केही निजीस्तरमा खुलेका सेवाप्रदायक कम्पनीले तपाईंको खानेपानी, इन्टरनेट र विद्युत्को बिल बुझाउने जिम्मा लिइदेलान्, सेवा शुल्क लिएर । अन्यथा तपाईं चौबीसै घन्टा अनलाइनको पहुँचमा हुनुहुन्छ भने पनि बिल तिर्न लुरूलुरू कार्यालयसम्मै पुग्नुपर्ने अवस्था छ ।

### कछुवाको गति

नेपालको सार्वजनिक सेवाप्रवाहमा इ-गभर्नेन्सको चर्चा नयाँ होइन । इन्टरनेट गभर्नेन्स, डिजिटल गभर्नेन्स, अनलाइन गभर्नेन्स जे नाम दिए पनि नेपालमा इ-गभर्नेन्सको चर्चा निकै हुने गर्छ । यसको प्रसंग लोकतन्त्र, पारदर्शिता, सूचनाको हक तथा विकाससँगै जोडिएर पनि आउने गर्छ । इ-गभर्नेन्सले सार्वजनिक सूचनामा नागरिकको पहुँच बढाउँछ र सार्वजनिक क्षेत्रलाई पारदर्शी बन्ने अवसर अवश्य प्रदान गर्छ । आमनागरिकका लागि पारदर्शिताको कुरा भने पक्कै आदर्शात्मक हुनेछ किनभने नागरिकले प्राप्त गर्न चाहेको सेवा बोझिलो हुने गरेको वर्तमान सन्दर्भमा इ-गभर्नेन्सले पारदर्शिता बढाउनेमा सेवाग्राहीको ध्यान कमै जाला । बरू उनीहरूको ध्यान मैले यहाँबाट कसरी छिटो, छरितो र सुलभ तरिकाले सेवा लिन सक्छु भन्नेमा केन्द्रित हुन्छ, जुन स्वाभाविक पनि हो । अर्थात् नागरिकलाई चाहिएको इ-गभर्नेन्सको मोडल जिटुसी अर्थात् गभर्नेन्स टु सिटिजन मोडल हो ।

नेपालको सार्वजनिक प्रशासनमा प्रविधि जानेका अभ्यस्त र जुझारू कर्मचारीको आवश्यकता खड्किएको छ किनकि सार्वजनिक सेवाप्रवाहमा संलग्न धेरैजसो कर्मचारी या त परम्परागत मानसिकताबाट गुज्रेका छन्, या उनीहरूलाई प्रविधिको प्रयोगबारे कमै ज्ञान छ । तपाईंले आफूभन्दा टाढा रहेको सरकारी कार्यालयमा कुनै कागजात पठाउनु छ भने इमेल गरेर हुनेवाला छैन । त्यसलाई स्क्यानपछि फोटोकपी गरेर फ्याक्स मेसिनमा नआएसम्म तपाईंको कागजातले वैधता पाउने स्थिति छैन, जब कि फ्याक्स गर्ने पसल बजारमा निकै सीमित हुन थालिसकेका छन् । एकाध कार्यालयका कुरा नगरौं ।

सन् २०१२ मा प्रकाशित 'युएन इ-गभर्नेन्स रेडिनेस इन्डेक्स'लाई हेर्ने हो भने नेपालमा इ-गभर्नेन्सको अवस्था दयनीय छ । यो इन्डेक्समा परेका १९० देशमध्ये नेपाल १६४औं स्थानमा छ । दक्षिण एसियाली मुलुकलाई हेर्ने हो भने माल्दिभ्स ९५औं स्थानमा सबैभन्दा अगाडि छ । श्रीलंका ११५, भारत १२५, बंगलादेश १५०, भुटान १५२ र पाकिस्तान १५६औं स्थानमा छन् । नेपाल अफगानिस्तानभन्दा मात्र अगाडि छ । इन्डेक्समा अफगानिस्तान १८४औं स्थानमा छ ।

नेपाल दूरसञ्चार प्राधिकरणको तथ्यांकअनुसार हाल नेपालमा झन्डै २९ प्रतिशत जनसंख्यामा इन्टरनेट पहुँच पुगेको छ । खास अर्थमा पहुँचको विश्वसनीयता वा मर्ममा प्रश्न उठाउन सकिएला तर तथ्यांक नराम्रो पक्कै होइन । पछिल्ला वर्ष इन्टरनेटमा आधारित माध्यममाथिको पहुँच जुन ढंगले बढेको छ, त्यसमा सन्तोष लिने ठाउँ पक्कै छ ।

### पहिला डेटा व्यवस्थापन

नेपालमा दसौं आवधिक योजनादेखि इ-गभर्नेन्सको महसुस गरिएको हो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, विभिन्न मन्त्रालय, संवैधानिक निकाय, योजना आयोगजस्ता कार्यालयको वेब उपस्थिति, कार्यालयमा टाइपिस्टको सट्टा कम्प्युटर अपरेटरको व्यवस्था, सरकारी कार्यालयमा इन्टरनेट, विद्युतीय कारोबार ऐनको आंशिक कार्यान्वयन, सफ्टवेयरमा आधारित लेखाप्रणाली, कार्यालयमा कम्प्युटर नेटवर्किङका विषयमा नीतिगत रूपमा धेरै कुरा गरे पनि अहिले इ-गभर्नेन्समा सरकारले हासिल गरेको प्रगति करिब यति नै हो । नीति बनाउनु मात्र ठूलो कुरा होइन । यदि नीतिले मात्रै सबै कुरा बन्ने भए ०५७ सालमा सरकारले ल्याएको सूचना-प्रविधि नीतिले लिएको 'आउँदो ६ वर्षभित्र नेपाललाई सूचना-प्रविधिको विश्वमानचित्रमा स्थापित गर्ने' परिकल्पना पूरा भइसक्थ्यो । अर्थात् ०६३ सालमै नेपाल विश्वमानचित्रमा स्थापित भइसक्थ्यो । अत्यन्त महत्वाकांक्षी नीति र कछुवा गतिको कार्यशैली नै नेपाली प्रशासनको मूल प्रवृत्ति हो । र, यो नै प्रगतिको बाधक हो ।

अधिकांश सरकारी कार्यालयको कार्यशैली हेर्दा सरकारले तत्काल ध्यान दिनुपर्ने पक्ष कार्यालयको डेटा म्यानेजमेन्ट हो । यसको पहिलो खुड्किलोका रूपमा कार्यालयमा हुने जनताका कामसंग सम्बन्धित सूचना र कागजातलाई डिजिटल कपीमा उतार्ने देशव्यापी अभियान चलाउनु आवश्यक छ । पुराना डेटालाई उतार्न अप्ठ्यारो छ भने नयाँ डेटाको डिजिटल व्यवस्थापन आजैदेखि सुरु गरिहाल्नु उत्तम हुन्छ । कम्तीमा सरकारी कार्यालयमा कामै गर्न नसकिने हदसम्म कम्प्युटरको अभाव पक्कै छैन । तर, सरकार यो हदसम्म जागरूक हुने अपेक्षा गरिहाल्न सकिने स्थिति छैन । किनभने, राजधानीकै यातायात व्यवस्था कार्यालयमा सवारीको फाइल खोज्न बालुवामा सुन खोजेझैं कागजातको डंगुर खोतल्नुपर्ने अवस्था छ भने सिंहदरबारभित्रै कुनै चिठीपत्र हरायो भने दर्ता फाइलको ढड्डा पल्टाउनुपर्ने अवस्था छ । कम्प्युटरमा दर्ता नम्बरसम्म चढाउने व्यवस्था भए पनि कागजातको डिजिटल कपी कम्प्युटरमा स्टोर गर्ने अभ्यास सिंहदरबारमा समेत छैन ।

इ-गभर्नेन्स सोचेभन्दा ठूलो हाउगुजी होइन । साना-साना काम गरेर सेवाग्राहीलाई खुसी बनाउन सकिन्छ । जस्तो- सिंहदरबारको गेटपासकै कुरा गरौं । सिंहदरबार छिर्न या त तपाईं सूचना विभागको प्रमाणपत्रधारी पत्रकार हुनुपर्छ या सरकारी कर्मचारी वा उच्च व्यक्तित्व । अन्यथा, भित्रबाट कसैले तपाईंको नाम गेटको झ्यालसम्म पठाएन भने तपाईंले सिंहदरबारभित्र प्रवेशै पाउनुहुन्न । काम लिएर सिंहदरबार छिर्न नागरिकता, पासपोर्ट वा सवारी इजाजतपत्रको स्क्यान कपीसहित भेट्ने व्यक्ति, शाखा, कामको विवरण र समय उल्लेख हुने एउटा अनलाइन फर्मको व्यवस्था गर्ने र आवश्यक सुरक्षा जाँच गरी नागरिकलाई सिंहदरबारभित्र प्रवेश गर्न सक्ने वातावरण सरकारले मिलाउन सक्छ । स-साना कुरामा जनतालाई निराश बनाउने तर नीतिगत रूपमा ठूला कुरा मात्र गरिराख्ने हो भने नेपालको सार्वजनिक सेवाप्रवाहमा इ-गभर्नेन्सको चर्चा झ्याल गभर्नेन्समा मात्रै सीमित हुनेमा शंका छैन ।

---

# बुढाबुढीलाई किन सम्मान र सुरक्षा छैन ?

*डा.शास्त्रदत पन्त*

घरको बृद्ध व्यक्ति जीवित रहेसम्म घरका सबै परिवारजन सगोलमा बस्ने, सगोलमा काम गर्ने, सबैको कमाई सगोलमा राख्ने साझा संस्कार हुन्छ । सबै परिवारजनमा पारिबारिक स्नेह र सद्भाव हुन्छ । परिबार-सरकार हुन्छ । परिवारको ज्येष्ठले परिबार-सरकारको नेतृत्व गर्छ । ज्ञान, सीप र क्षमता अनुसार घरमूलीको निर्देशनमा परिबारजनले काम गर्दछन् । सबैको कमाई एकै ठाउँमा हुन्छ, साझा हुन्छ । यसैलाई वैदिक साम्यबाद भनिन्छ ।

वैदिक सभ्यताले मान्दै आएको संयुक्त परिबारपद्धतिलाई उच्चतम मानिएको छ । यस पद्धतिमा परिबार नै आदर्श शिक्षालय बन्दछ । त्यसैलाई पीढी शिक्षा पद्धति पनि भनिन्छ । यो पद्धतिले परिबारलाई उँचो बनाउँछ, जीवनको सर्बाङ्गीण पक्षलाई आदर्श बनाउँछ । त्यसबाट आदर्श समाज बन्दछ । त्यसै कुरालाई लिएर यस पद्धतिलाई वैदिक साम्यबाद भनिएको पाइन्छ । प्लेटोको साम्यबाद यही वैदिक पद्धतिको उध्दरण हो । वैदिक साम्यबाद कार्लमार्क्सले परिकल्पना गरेको जस्तो होइन । कम्युन होइन । त्यो पश्चिमा भौतिकबादी र औपनिबेसिक जस्तो पनि होइन । पश्चिमी व्यक्तिबादी सोचको सानो परिबार पनि होइन । यी दुबैमा पारिबारिक स्नेह र अनुशासन हुँदैन । वैदिक साम्यबादमा यी दुबै कुरा हुन्छन् ।बिसं २०३३ सालसम्म मुलुकी ऐनले नै यस व्यवस्थालाई कायम राखेको थियो । त्यस पूर्व पेवाका रूपमा अरू कसैले दिएको दाइजो अंश नलाग्ने भनेर महिलाको हक संरक्षण गरेको थियो । यी दुबै कुरा पाश्चात्य प्रभावमा भएका थिए । ती परिवर्तनले वैदिक साम्यबादलाई प्रहार गरेको थियो ।

वैदिक साम्यबादमा नैतिकता, न्याय, निष्पक्षता र अनुशासन हुन्छ । मिलेर बस्ने खुबीको विकास गरिन्छ । कसैले कसैलाई छलछाम गर्दैन । सबैले कर्तव्यबोध गर्दछन् । घर आत्मनिर्भर हुन्छ । परिबारमा बाजेदेखि नातिसम्म अनिबार्य सगोलमा हुन्छन् । कहिलेकाहीं पनाति र झनातिसम्म सगोलमा बस्ने वातावरण हुन्छ । यस पद्धतिले संस्कार र संस्कृतिलाई जीवन्त राख्दछ । सही तरिकाले संस्कार र सभ्यतालाई नयाँ पीढीमा स्थानान्तरण गर्दछ । ज्येष्ठ नागरिकको अनुभव, सीप, ज्ञान, विज्ञान जस्लाई सामान्य भाषामा अर्ति भनिन्छ, त्यसले सहीसही काम गर्दछ । ज्येष्ठ घरको मूलिमात्र हुँदैन, घरको गुरू पनि हुन्छ, निर्णायक हुन्छ, समस्या सुल्झाउने व्यक्ति हुन्छ, घर शासक हुन्छ, परिबारलाई एक ढिक्का बनाएर राख्ने इन्डकटर हुन्छ । सबैभन्दा ठूलो कुरा ऊ निस्पक्ष भएर न्याय दिने न्यायाधीश हुन्छ । त्यति भएर पनि मूली तानाशाह हुँदैन, घर भित्र पूर्ण प्रजातन्त्र हुन्छ । परिबारजनलाई समान मायाँ बाँड्दछ, सद्भाव बाँड्दछ । प्रत्येक महिला पुरूषले राय बजाउँछन् । बच्चाले पनि भाग लिन्छन् । ज्येष्ठ नागरिक सबैबाट सम्मानित हुन्छ । सबैकोआदरको पात्र हुन्छ । त्यस घरको मात्र होइन गाउँका त्यस उमेरको भन्दा कान्छा अविभावकको पनि अविभावक बन्दछ, सल्लाह दिन्छ । यो पूर्णप्रजातान्त्रिक हुन्छ । आज नेपालमा जे जे मौलिक वस्तुछन् (साहित्य, इतिहास, लोकसंस्कृति, वास्तुकला, आत्मनिर्भर कृषि, आयुर्वेद.. ) यही पद्धतिका उपज हुन् ।

वैदिक साम्यबादमा आधारित यस संस्कारलाई श्रुति, स्मृति, वेद, पुराण तथा उपनिषद समेतले संरक्षण गरेको हुन्छ । परिवार-ज्येष्ठले नागरिक-धर्मको विषय सीमाभित्र बसेर काम गर्न पर्दछ । अथवा ऊ संवैधानिक हुन्छ । परिबारमा सबै बिचारका मानिस हुन सक्तछन् । एक आर्कोसंग भिन्न बिचार राख्ने पनि हुन सक्तछ । प्रेम, सद्भाव, न्याय, नैतिकता, अनुशासन सूत्रबाट ज्येष्ठले मिलाएर राख्छ, इन्डक्शनको काम गर्दछ । यसलाई देवताको घरदेखि चलिआएको भनेर परिबारजनले सकारात्मक रूपमा स्वीकार्दछन् । यस प्रसंगमा शिवजीको परिबारको उउटा उदाहरण लिन सकिन्छ ।

देबाधिदेव श्री शिव विश्वको स्रस्टा, पालक, संहारकर्ता र देवताका पनि देब मान्छिन् । उनको परिबारलाई हेरौं - शिब, पार्वती, कार्तिकेय र गणेश । ती सबैको ज्ञान, सीप, क्षमता र रूचि फरक फरक छ । तिनका बहानलाई हेरौं । शिवको बाहन साँडे छ, महादेवी पार्वतीको बाहन सिंह छ, कार्तिकेयको मयुर र गणेशको बहान मुसो छ । शिवजीको गलामा सर्पछ । प्राकृतिक नियमानुसार मुसोलाई सर्पले खान्छ, सर्पलाई मयुरले खान्छ, साँडेलाई सिंहले खान्छ । त्यस्तो परिवारलाई पनि मिलाएर राख्ने खुवी शिवजीमा हुन्छ । ती कसैले पनि एकल, सानो परिबार बनाएर राख्दैनन् । कसैको इच्छा बिरूद्ध बहान पनि बदल्दैनन् । ती सबैमा मिलेर बस्ने क्षमता छ । यो सांसारिक मानिसलाई आदर्श संयुक्त परिबारमा बस्ने प्रेरणाको स्रोत हो । नमुना हो । ज्येष्ठ घर मूलि हुने संस्कारको पनि नमुना हो । यति भएर पनि मुलिले कसैको स्वतन्त्र चिन्तनमा, चाहनामा र विचारमा कसैले कसैलाई दबाब दिंदैन । कुण्ठा गराउँदैन । सबैले बिचार-स्वतन्त्रताको उपभोग गर्दछन् । रूचि स्वतन्त्रताको उपभोग गर्दछन् । कोही कसैको बाधक बन्दैन । सबै सबैको साधक बन्दछ ।

जव ज्येष्ठ बाजेको निधन हुन्छ, बाबुहरूले छुट्टिएर बस्न सक्तछन् । उनका छोरा र नातीको एउटा सगोल घर बन्दछ । यो प्रथाले निरन्तरता पाउँछ । यो नेपालका धेरै समाजमा अझै कायम छ । नेपालका थारू परिबार वैदिक संस्कारले मान्यता दिएको भन्दा पनि अझ ठूलो परिबारमा मिलेर बस्ने गरेका छन् । मध्य पश्चिमका मगरमा पनि यो चलन पाइन्छ ।

यस प्रसंगमा एउटा अनुभव उल्लेख गर्न चाहन्छु । तीस बर्ष पहिलेको कुरा हो । म अस्ट्रेलियाको दक्षिण सिड्नी शहरको एक घरमा निम्त्याइएको थिएँ । त्यो एउटा रोचक प्रसंग थियो । त्यहाँकी एउटी अविवाहिता युवती भारतको दिल्ली शहरमा पर्यटक भएर आएकी थिइन् । तिनी बसेको होटलमा रूम सर्बिस गर्ने ( बेहराको काम गर्ने) एउटा नेपाली ठिटो थियो । उनलाई लाग्यो त्यो अनाथ, बेसहारा र सुकुम्बासी छ होला । तर कुरा त्यसो थिएन । उसका बाबुआमा, दाज्युभाई, दिदी बहिनी घर खेत, खेतीपाती सबै थियो । यो कुरा सुनेपछि ठिटीलाई आश्चर्य लाग्यो । उनले त्यस ठिटोलाई लिएर उस्को घर हेर्न चाहिन् । होटलमा कुरो मिलाएर ती दुइजना नेपालका मध्य पश्चिमको ठिटाको घरमा गए । संयुक्त परिबारको रमाइलोको अध्ययन गर्न तिनी तीन महिना बिताइन् । उनलाई त्यस्तै संयुक्त परिबारको जमघट गरेर बस्न मन लाग्यो । परिबारजनसंग सल्लाह गरेर त्यही केटासंग बिहे गरिन् । केटोलाई लिएर अस्ट्रेलिया गइन् । कागजपत्र मिलाएर सासु ससुरालाई झिकाइन् । नेपालमा बस्न बिहे गरेकी उनले अस्ट्रेलियामा बस्ने निधो गरिन् । उनको के तर्क थियो भने नेपालमा त संयुक्त परिबार पद्धति छँदैछ । संयुक्त परिबार कति असल हुन्छ भनेर अस्ट्रेलियनलाई सिकाउन त्यसो गरेकी थिइन् । मलाइ त्यही कुरा बुझाउन निम्तो दिएकी थिइन् ।

# मधेशकेन्द्रित दल र नैतिकता

*राजेश अहिराज*

मधेशकेन्द्रित दलहरू आन्तरिक विवाद र नेतृत्वमाथिको अविश्वासका कारण एकचोटि पुनः विभाजनको संघारमा पुगेका छन् । मधेशकेन्द्रित सबै दलहरूमा नेतृत्व, सत्ता र पैसाका विवाद चरमोत्कर्षमा पुगिसकेको छ । समानुपातिक सभासद् चयन प्रक्रियामा पार्टीका अध्यक्षले गरेको एकल निर्णय, मधेश र पार्टीमा लगानीभन्दा द्रव्यलाई बढी प्राथमिकतामा दिएकोले मधेशकेन्द्रित दलभित्रको विवाद अहिले छताछुल्ल भइरहेको छ । मधेशी दलका अध्यक्षहरूले समानुपातिक सभासद् बनाउन करोडौं करोड लिएको समाचारहरू आइरहेका छन् । कतिपय मधेशकेन्द्रित दलमा पैसा विवादका कारण गालीगलौजसमेत भएको समाचारमाध्यमहरूमा आएको छ । मधेशकेन्द्रित दलहरूमा समानुपातिक सभासद् चयन कुन आधारमा र किन गरेका छन् भन्ने कुरा पार्टीमा प्रष्ट गरेका छैनन् । जसको मधेशमा कुनै लगानी छैन, जसले मधेशीलाई गाली गर्दै आए तिनीहरू किन र कसरी मधेशी दलबाटै सभासद् बनाइए भन्ने प्रश्नहरू छँदैछ । तर, पार्टी नेतृत्वलाई व्यक्तिगत रूपमा पैसा नबुझाएका कारण योग्य र मधेशवादप्रति समर्पित युवा नेताहरूलाई मौका दिइएन ।

भर्खरै फोरम नेपालमा समानुपातिक सभासद् चयनमा परेका डा. शिवजी यादवले पार्टी अध्यक्षले भनेजति पैसा नदिएको कारण कोषाध्यक्ष रेणु यादवबीच गालीगलौज समेत भएको समाचारमाध्यमहरूमा आएकै हो । यस्तै, फोरम लोकतान्त्रिकले नैतिकताको हद नै पार गरिदिएका छन् । फोरम लोकतान्त्रिकले समानुपातिक सभासद् चयन प्रक्रियामा गैरजनजातिलाई पनि जनजाति कोटाबाट चयन गरेका छन् भने जीवनभर मधेश र मधेशीलाई गाली गर्ने मधेश विरोधी व्यक्तिहरूलाई पनि चयन गर्न पछि हटेनन् । त्यस्तै, सद्भावना पार्टीका अध्यक्ष आफू प्रत्यक्षतर्फ पराजित भएपछि आफ्नी श्रीमतीलाई समानुपातिक सभासद् बनाए भने फोरम गणतान्त्रिक र संघीय सद्भावना पार्टीका अध्यक्षहरूले पनि आ-आफ्नी श्रीमतीलाई नै समानुपातिकमा चयन गरे । त्यस्तै, तमलोपा अध्यक्ष महन्थ ठाकुरले आफ्नो छोरीको विवाहमा सभासद् पद दाइजो दिएको भन्ने समाचारहरू पनि नआएको होइन ।

समग्रमा भन्नुपर्दा मधेशकेन्द्रित दलहरू मुद्दाभन्दा पनि मुद्राकेन्द्रित राजनीति गरिरहेका छन् । मधेशकेन्द्रित दलमा नैतिकता कसलाई भनिन्छ पटक्कै थाहा छैन जस्तो लाग्छ । तिनीहरू नैतिकताविहीन राजनीतिज्ञ हुन् भन्ने आरोप लागिरहेको छ । मधेशका बुद्धिजीवीहरूले मधेशी दलभित्र नैतिक र सैद्धान्तिक कुराको एकदमै अभाव रहेको बताउँछन् । तिनीहरूले पैसा र पदका लागि जस्तोसुकै व्यक्तिलाई पनि पार्टीमा उच्च पद दिने वा नियुक्ति गर्ने गरेका छन् । तिनीहरूले कुरा मधेशको मुद्दाको गर्छन् भने काम मुद्राका लागि मात्र गरिरहेका छन् । मधेशी दलबाट मन्त्री भएकाहरूले आफ्नो कार्यकालमा गरेका गैरमधेशीको नियुक्तिका कारण छानबिन हुनुपर्छ ।

सत्ता, सत्ता र मात्र सत्ताकै लागि खोलिएका मधेशकेन्द्रित दलहरू सत्ताकै लागि पटक-पटक विभाजित भएका छन् । २०६४ सालको संविधानसभाको निर्वाचनमा तीनवटा मधेशकेन्द्रित दल आएका थिए तर, सत्ताको लालचमा नेतापिच्छे पार्टी निर्माण गर्दै गए । मधेश आन्दोलनको रापतापबाट राष्ट्रिय राजनीतिमा एकाएक उदाएका मधेशकेन्द्रित दलका नेताहरूले मधेशको मुद्दा भजाएर मधेशी र मधेशवादलाई बदनाम गर्दै आएका छन् । मधेशकेन्द्रित दलका सच्चा मधेशवादी नेता कार्यकर्ताहरूलाई समेत नजरअन्दाज गर्दै तिनीहरूको योगदानलाई ओझेलमा पारिदिएका छन् । दोस्रो तहका नेताहरूले नेतृत्वमाथि घोर अविश्वास रहेको छ । नेतृत्ववर्गकै कारण मधेशवाद बदनाम भएको र मधेश मुद्दा कमजोर भएकोप्रति युवा नेतृत्वहरूले विकल्पको खोजी गर्दैछन् ।

मधेशकेन्द्रित दलहरूमा आन्तरिक प्रजातन्त्र भेटिदैन । सबै मधेशकेन्द्रित दलहरूमा एकल निर्णय गर्ने र अध्यक्षले जे भन्छ त्यहीं हुने परिपाटि रहिआएको छ । मधेशकेन्द्रित दल पार्टी हो कि प्राइभेट लिमिटेड कम्पनी भन्ने छुट्याउन गाह्रो छ । मधेशकेन्द्रित दलका नेतृत्ववर्गले मधेशवादलाई औद्योगिक राजनीतिमा परिणत गरिदिएका छन् । मधेश मुद्दालाई सत्तामा प्रवेश पाउने साधनको रूपमा प्रयोग गर्दै आएका छन् । तिनीहरूले मुद्दाको राजनीति गरिरहेका छन् कि मुद्राको भन्ने प्रश्न खडा भएको छ । सभासद् बिक्री र द्रव्य व्यवस्थापनमै नेतृत्ववर्ग अस्तव्यस्त छन् । मधेशी दलहरूमा नीति निर्माण गरिन्छ तर नेतृत्व निर्माण गरिदैन । मधेशकेन्द्रित दलले २०६४ देखि २०७१ सम्म आइपुग्दा मधेशका लागि के-के गरे भन्ने बुँदागत रूपमा प्रष्ट्याउन सकेनन् । मधेशको मुद्दालाई नारामा मात्र सीमित गरिदिएका मधेशी नेतृत्ववर्गले । मधेश आन्दोलनका उपलब्धीहरू अहिलेसम्म संस्थागत हुन नसक्नुमा यिनीहरू पनि दोषी छन् । यिनीहरूले मधेश आन्दोलनलाई शासकीय व्यवस्थापन गर्न सहयोगी भूमिका निर्वाह गरेका छन् । यिनीहरूले ठूला दलबाट मधेश आन्दोलनलाई दिशाहीन बनाउनकै लागि आएका थिए भन्ने आरोपहरू लागिरहेको छ । मधेश आन्दोलनलाई दिशाहीन बनाउन यिनीहरू केही हदसम्म सफल पनि भएका छन् ।

मधेशी नेतृत्वहरू विदेशी सहयोग र सम्बन्धको विषयमा कहिल्यै बोल्दैनन् । छात्रवृत्ति, भौतिक विकास, भ्रमण, अवसर, विकासे योजनालगायतका विषय यिनीहरूका लागि कहिल्यै मुद्दा बन्दैन । तिनीहरूको आफ्ना छोराछोरी छात्रवृत्तिमा विदेश पढ्न गएपछि सबै मधेशीको लागि पुग्यो भनेर ठान्छन् । विदेशी नियोग वा विदेशी सहयोगका विकासे योजनाहरू नेपालमा आउँदा त्यो मधेशमा पनि जानुपर्छ, मधेशमा पनि विदेशी लगानी हुनुपर्छ भन्ने तर्फ कहिल्यै एक शब्द बोलेको पाइएको छैन । आफूले काठमाडौंमा महल बनाइसकेपछि मधेशी समस्या समाधान भयो भन्ने मानसिकताबाट ग्रसित छन् । दूतावासहरूले गर्ने रंगभेदलाई समर्थन दिएर आफ्नो जागिरलाई निरन्तरता दिने कतिपय नेताका कारण मधेशी विद्यार्थी र पत्रकारहरू विभेदमा परेका छन् ।

मधेशकेन्द्रित दलहरूले आफ्नो कमी कमजोरी लुकाउनका लागि मधेशका सञ्चारगृहहरूलाई कहिल्यै सहयोग गरेनन् । मधेशी सञ्चारगृहसँग जहिले पनि दूरी बनाएर राखे । मधेशी नेताहरूले आ-आफ्नै निजी सञ्चार संस्था खोलेर बसेका छन् । सरकारी सहयोग आउँदा तिनीहरूले आफ्नै सञ्चारगृहमा लिएर जान्छन् । तर, तटस्थ भएर राष्ट्र र मधेशको मुद्दा कलम चलाउने र आवाज उठाउने सञ्चार गृहलाई असहयोग गर्दैछन् । मधेशमा स्वतन्त्र र निष्पक्ष संचार संस्थाहरूको विकास हुन नसक्नुमा ती सञ्चार उद्यमी राजनीतिकहरू दोषी छन् । तिनीहरूले आफ्नै मिडिया हाउसहरू संचालन गरी दिनभर आफ्नै बारेमा गुणगान गरिरहेका छन् । मधेशका वास्तविक समस्याहरूलाई ओझेलमा पार्दै आफ्ना कुकर्महरूलाई ढाक्ने कार्य गरेका छन् । कि त ती नेताहरू राजनीति गर्नुपर्‍यो, होइन भने राजनीति छोडेर सञ्चारगृह नै चलाउनुपर्‍यो । तिनीहरूकै कारण मधेशी सञ्चार गृहको विकास हुन नसकेको यथार्थलाई नकार्न सकिदैन । विदेशी नियोगहरूबाट संचारका शीर्षकमा आउने पैसालाई पार्टी वा अध्यक्षका निजी संचारमाध्यममा लगानी गर्ने गरेको आरोप लाग्दै आएको छ ।

मधेशकेन्द्रित दलहरूले गरेको कुकर्महरूबाट जोगिनका लागि अहिले एउटा नयाँ नाटक सुरु गरेका छन् । सबै मधेशकेन्द्रित दलहरू विभाजनको संघार रहँदा तिनीहरू एकीकरणको नाटक मंचन गरिरहेका छन् । मधेशकेन्द्रित दलहरूमा दोस्रो तहका नेताहरू पार्टीमा विद्रोह गर्ने मनस्थितिमा पुगिसकेका छन् । एकीकरणको नाटक सुरु गरेको छ महिनाभन्दा बढी भइसकेको छ । तर, एकीकरण टुंगो लाग्ने कुनै संकेत देखिएको छैन । बैठकहरू बस्छन् तर, त्यो बैठकबाट के निर्णयहरू गरियो कहिल्यै सार्वजनिक गरिदैन । तिनीहरूले मधेशी जनता र कार्यकर्तालाई झुक्याएर फेरि सत्ता यात्रा गर्न षड्यन्त्र रचिरहेका छन् । सत्ताबाट टाढा रहनै नसक्ने धुर्त राजनीतिक खेलाडीहरू मधेशलाई पुनः दशकौं पछाडि पार्न लागिपरेका छन् । मधेशकेन्द्रित दलहरू फुटको संघारबाट जोगिनका लागि नै पुनः एकीकरण गर्न लागेका छन् । मन्त्रिपरिषद्बाट मनोनयन गरिने २६ मा आफू पर्नसक्ने आकांक्षा पराजित मधेशकेन्द्रित दलका अध्यक्षहरूको रहेको छ । २६ मा पर्ने लोभमा पनि एकीकरण हुन लागेको सर्वत्र चर्चा छ । त्यस्तै, विगतमा मन्त्री हुँदा आफूले भ्रष्टाचार गरी कमाएको अकूत सम्पत्तिमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आँखा परिसकेको छ । अख्तियारको कारबाहीबाट जोगिनका लागि पनि एकीकरण गर्न लागिएको हुनसक्छ ।

मधेशी सभासद् र मन्त्रीहरूको सम्पत्ति छानबिन हुनुपर्छ । समानुपातिक सभासद् चयनमा उठाइएका रकम सार्वजनिक हुनुपर्छ । यदि आर्थिक चलखेल छैन भने गैरमधेशी र व्यापारीको चयन गरिनुपर्ने कारण सार्वजनिक गर्नुपर्छ । मधेश राजनीतिक प्रयोगशालामा परिणत हुँदैछ । नेतृत्वमाथि अविश्वास, भ्रष्टाचारको आरोप, राज्यको दमन, सामुदायिक विभेद र विदेशी रंगभेदका निरन्तरताका कारण मधेश वर्षौं पछाडि पर्दै गएको छ । अतः मधेशी राजनीतिकज्ञहरू मुद्दाभन्दा पनि मुद्राकेन्द्रित राजनीति गरिरहेका छन् । उनीहरूलाई मुद्दालाई व्यक्तिगत लाभका लागि मात्र प्रयोग गर्ने गरेको पाइएको छ । *(मधेश दर्पण फिचर सेवा)*

# पिआरसँग जोडिएको राष्ट्रियता

*सुदर्शन आचार्य*

सामान्य बुझाइअनुसार एउटा मुलुकको नागरिकलाई अर्को देशमा बसोबास गर्न छुट दिने विशेष प्रकारको भिसा नै पिआर हो । नेपाल सरकारको हालैको मन्त्रिपरिषद् बैठकले झन्डै दुई दशकदेखि बेलायत बस्दै आएका र बेलायती विदेशमन्त्रीका विशेष सल्लाहकारसमेत रहीआएका नेपाली नागरिक सूर्य सुवेदीलाई नेपालका तर्फबाट संयुक्त राष्ट्रसंघीय उच्च आयुक्तका लागि उम्मेदवार बनाउने निर्णय गर्‍यो । उनी विदेशमा बस्न पाउने आवासीय भिसा लिएका व्यक्ति हुन् । अब प्रश्न उठ्छ, सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितका पछिल्ला अभिव्यक्तिलाई कसरी बुझ्ने ? मन्त्री पण्डितले पिआर र डिभी प्राप्त गर्ने कर्मचारीलाई राष्ट्रघाती र राष्ट्रद्रोहीको संज्ञा दिएका छन् । के उनीहरू राष्ट्रघाती नै हुन् त ? यो एउटा छलफलको विषय हो ।

शाहीकालमा कर्मचारीलाई पिआर वा ग्रिनकार्ड लिन निषेध गरिएको थियो । पछि जनताको सरकारले सो अध्यादेश खारेज गर्‍यो । निजामती कर्मचारी ऐनले बन्देज नलगाएको विषयमा मन्त्रीजस्तो सम्मानित व्यक्तिबाट अमर्यादित भाषा प्रयोग हुनु आफैंमा सुहाउने विषय होइन । मन्त्रीले त कानुन बनाएर कार्यान्वयनमा जाने हो । पिआर, डिभीजस्ता विषयमा ठाउँकुठाउँ जथाभावी अभिव्यक्ति दिएर त्यस्ता कर्मचारीलाई साँझबिहान घरमा लर्को लाउनु आफैंमा अर्को एउटा हास्यास्पद विषय बन्न पुगेको छ । पिआर वा ग्रिनकार्ड नेपाल सरकारका कर्मचारीले स्वयं आफैं निवेदन दिएका आधारमा मात्र नभई उसका श्रीमान् वा श्रीमती वा छोराछोरीका कारणबाट पनि प्राप्त गरेको हुनसक्छ । त्यस्ता कर्मचारीको तथ्यांक लिएर उनीहरूको स्वदेश, विदेश दुवै ठाउँमा भएको सम्पत्तिको तथ्यांकचाहिं राख्ने काममा राज्य लाग्नुपर्ने हो । तर, त्यतातिर राज्यको ध्यान पुगेको देखिन्न ।

सञ्चार क्षेत्रको विकासले विश्व साँघुरो भएको छ । योग्यता र क्षमताको विश्व बजारमा कदर हुन थालेको छ । अमेरिकी ग्रिनकार्ड होल्डर अहिले भारतीय रिजर्भ बैंकका प्रमुख छन् । क्यानेडियन नागरिक अहिले बेलायती केन्द्रीय बैंकका गभर्नर छन् । अमेरिका भन्ने मुलुक नै संसारभरबाट अमेरिका पुगेका व्यक्तिहरूले बनाएको देश हो । हामी स्वयं पनि नेपालको एउटा व्यापारी अमेरिकामा निर्वाचन लड्दै गर्दा गौरव गर्छौं । बेलायतका प्रधानमन्त्रीले नेपाली चेलीलाई घरेलु कामदार राखेको विषय हाम्रा लागि 'स्कुप' हुन्छ । तर, विदेशमा गएर पढेलेखेका, क्षमतावान् मान्छे नेपाल फर्कने वातावरण अबका दिनमा क्षीण बन्दै जाने भो मन्त्रीका अभिव्यक्तिले । यसका लागि पछाडिका कारण खोजी गर्न जरुरी छ ।

राष्ट्रियता सम्वर्द्धनका नाममा पोलपोटकालीन सोच राखेर मुलक बन्ला त ? के राष्ट्रियता अन्डा हो ? जो फयात भुईंमा खस्नासाथ फुटिहालोस् ? कि राष्ट्रियता सिसा हो ? जुन ठक्कर खानासाथ झ्यायमझुरूम भएर फुटोस् ।

**एउटै सरकारका मन्त्रीहरूको समेत यस विषयमा फरकफरक धारणा बाहिर आएबाट यो विषय झनै जटिल बन्दै गएको देखिन्छ । कानुन बनाएर कानुनी दायरामा ल्याउनेबाहेक सीधै एयरपोर्टबाट हनुमानढोका पुर्‍याउने, नारायणीमा बगाउनेजस्ता अराजक विचारमा सत्तारुढ मुख्य घटक कांग्रेस भने आजका मितिमा त्यस्ता अभिव्यक्तिसँग सहमत देखिँदैन ।**

माथि उल्लेख गरेझैं कर्मचारीले नेपालमा कमाएको अकूत सम्पत्ति विदेशमा पुर्‍याएको भन्ने आशंका गर्ने हो भने पनि कर्मचारीलाई उनीहरूको सम्पत्ति घोषणा गर्न लगाउने, विदेश ओहोरदोहोर गर्दा स्वीकृति लिन लगाउने, उनीहरूको अभिलेख राख्नेजस्ता कामबाट सिस्टममा ल्याउन सकिन्छ । एउटै सरकारका मन्त्रीहरूको समेत यस विषयमा फरकफरक धारणा बाहिर आएबाट यो विषय झनै जटिल बन्दै गएको देखिन्छ । कानुन बनाएर कानुनी दायरामा ल्याउनेबाहेक सीधै एयरपोर्टबाट हनुमानढोका पुर्‍याउने, नारायणीमा बगाउनेजस्ता अराजक विचारमा सत्तारुढ मुख्य घटक कांग्रेस भने आजका मितिमा त्यस्ता अभिव्यक्तिसँग सहमत देखिँदैन ।

निजामती कर्मचारीका विषयमा अहिले निकै हल्लाखल्ला गरिँदै छ । यो प्रक्रिया समस्या हो भने यो समस्या सेना, प्रहरीमा झनै ज्यादा छ । यो समस्याको वस्तुगत समाधान खोज्नुभन्दा सरकारका मन्त्री डिभी र पिआरवालालाई भाषणका माध्यमबाट 'मिसकल' दिनै तल्लीन हुनुहुन्छ । कानुन नै बनाउने हो भने पनि यो विषय सत्तारुढ दुई घटक कांग्रेस र एमालेको स्वार्थ प्रस्टै रूपमा बाझिने देखिन्छ । एमाले नेता तथा वर्तमान सरकारका उपप्रधानमन्त्री वामदेव गौतमकी छोरी अमेरिकामा भएको बुझिन्छ । के कमरेड पण्डितले कमरेड गौतमलाई अमेरिका जान प्रतिबन्ध लगाउन सक्नुहोला ? कि फर्कंदा सीधै एयरपोर्टबाट हनुमानढोका पुर्‍याउन सक्नुहोला ? मन्त्रीजस्तो गरिमामय पदमा पुगेको व्यक्तिले हावादारी तर्क गर्दै हिँड्नुभन्दा पनि विषयको गाम्भीर्यलाई गहिरो अध्ययन गरी कार्यान्वयन गरेर देखाउने हो ।

कर्मचारी सरूवामा अंकुश लगाउने मन्त्रालयको जिम्मेवारी पाएकै कारण अहिले डिभी र पिआर एउटा होहल्लाको विषय बनाइएको छ । यहाँ स्थापित उद्योगपतिका परिवार विदेशमा बसेका छन् । एनआरएनका नाममा नेपालमा लगानी गरेका छन् । नेपालको प्रचलित कानुनले विदेशमा लगानी गर्न प्रतिबन्ध लगाएको छ । यस विषयको छानबिन र कारबाहीमा मन्त्री र सरकार अग्रसर बन्न सक्छन् ? हात्तीलाई छुनै नसक्ने तर खरायोलाई लछारपछार बनाउँदा पक्कै ठूलो बर्निदैन ।

पढाइलेखाइ योग्यता क्षमता आदिका कारण नेपाली नेपाल नामको भूगोलभित्र मात्र रहन पक्कै सुहाउँदैन । अमेरिकाजस्तो देशले त एकैपटक पाँचवर्षे मल्टिपल भिसा दिने गरेको छ । पटकपटक भिसा लिंदा खर्चसमेत बढ्छ । कर्मचारीको सन्दर्भमा राज्यले अभिलेख राखेर कानुनी दायरामा ल्याउने हो, हल्लाका भरमा हनुमानढोका वा नारायणी पुर्‍याउने होइन । पहिला कानुन बनाउनुपर्‍यो, कानुनी दायरामा ल्याउनुपर्‍यो । राष्ट्रिय झन्डा प्राप्त गर्नासाथ झन्डाकै बेइज्जत हुनेगरी अनावश्यक हल्ला गर्दा विदेशमा पढेलेखेका क्षमतावान् जनताको समेत विदेशमै पलायन हुने खतरा बढ्न पुग्नेतर्फ सरोकारवाला सबै सचेत हुनु जरुरी छ ।

## रङ्गीन खबर

### अब कुनको आश ?

०७१ सालको सुरुवातमा प्रदर्शन भएका दुई फिल्म आर्यन सिग्देल स्टारर नोभेम्बर रेन र दयाहाङ राई प्रमुख भूमिकामा रहेको कबड्डी फिल्मले सुपरहिटको व्यापार









गरे । यी दुवै फिल्म एकै दिन अर्थात् १२ वैशाखमा प्रदर्शन भएका थिए ।

कबड्डी दर्शकको 'विशेष आग्रह'मा एक साताका लागि हाल अनामनगरस्थित मण्डला थिएटरमा दैनिक एक सो प्रदर्शन भइरहेको छ । तर, त्यसपछि रिलिज भएका कुनै फिल्मले पनि गतिलो व्यापार गरेका छैनन् । वैशाखपछि जेठ र जेठपछि असारमा रिलिज भएका कुनै फिल्मले न त दर्शक रिफाउन सकेका छन् न निर्माता बनाउन ।

पर्याप्त प्रचारविनै रिलिज भएका जेके मास्टरको खुड्किलो, दयाराम दाहालको मिसन फोर ट्वान्टी, शिव घिमिरेको कस्तो टेन्सन, उदय सुब्बाको जोडी नं. १, अरूण खड्काको पाठशालालगायतका फिल्मको त के कुरा गर्नू ? प्रदर्शनपूर्व मिडियामा मात्र नभई, फिल्मकर्मी र दर्शकदीर्घामा समेत चर्चामा रहेको आवरण, मुखौटा र नागबेलीले समेत कुनै कमाल देखाउन सकेनन् ।

प्रियंका कार्की स्टारर सुवास कोइरालाको सस्पेन्स स्टोरी आवरणले प्रिमियर सोमा मात्र चर्चा बटुल्यो । हलमा दर्शक बटुल्न सकेन । अर्पण थापा निर्देशित मल्टिस्टारर मुखौटाले प्रिमियर सोमै पाहुनाहरूबाट आलोचना खेप्नुपऱ्यो भने हलमा राम्रोसँग दर्शकको मुख पनि देख्न पाएन । राजेश हमाल, दयाहाङ राई, रोबिन तामाङ, सौगात मल्ल, प्रशान्त ताम्राकार, निशा अधिकारी अनि निर्देशक बनेका अर्पण थापा आफैं प्रमुख भूमिकामा रहेको मुखौटाले दर्शकबाट समेत गाली खायो । दर्शक अभावका कारण एक साता नपुग्दै कतिपय हल खाली भए ।

खरो रूपमा चलचित्र समीक्षा गर्दै आइरहेका चलचित्र समीक्षक दीपेन्द्र लामाले स्क्रिप्ट लेखेको नागबेली फिल्मको पनि प्रदर्शनपूर्व निकै हल्लाखल्ला थियो । अनुभवी नृत्य निर्देशक गोविन्द राईले निर्देशनमा डेब्यु गरेको नागबेलीले पनि प्रिमियर सोमै दम तोड्यो । दर्शकको मन पनि तोड्यो ।

अहिले फिल्म बजारमा २३ साउनमा प्रदर्शन हुन लागेको श्रीकृष्ण श्रेष्ठको कोहिनूर, आरबिके शरदको सिसा, ६ भदौमा आउने ताण्डव, सम्बोधन, ठूली, १३ गते लाग्ने ओम प्रतीकको यो कथा हो तिम्रो मेरो, २० भदौमा प्रदर्शन हुने दिवाकर भट्टराईको स्टुपिड मन र सुवास थापाको बिर्खेलाई चिन्छस् ?, २७ गते लाग्ने सुवास कोइरालाको पुन्टे परेड र विनोद सेरेङको निशानी अनि फूलपातीमा लाग्ने लक्ष्मण सुवेदी निर्देशित एउटा साथी र रेखा थापाको हिम्मतवाली चर्चामा छन् । यीमध्ये कुन फिल्मले दर्शकको मन जित्ला ? निर्मातालाई मुनाफा देला ? अचेल फिल्म बजारमा अनुमान, तर्कबितर्क र अड्कलबाजी चल्ने गरेको छ ।

### देशको आवाजको खोजी प्रतियोगिता

नेपाली गीत सङ्गीतको क्षेत्रमा एउटा छुट्टै आवाजको खोजीनामदिइएको 'नेशनल भ्वाईस' राष्ट्रव्यापी गायन प्रतियोगिता हुने भएको छ । शान्ति इन्टरटेनमेन्टको प्रस्तुति रहेको 'नेशनल भ्वाईस' मा प्रथम हुनेलाई एकल एल्बम, दुईवटा चलचित्रमा गीत गाउने अवसर र एक वर्ष सङ्गीत प्रशिक्षण त्यस्तै दोस्रो हुनेलाई दुईवटा गीत रेकर्डिङ र ६ महिना सङ्गीत प्रशिक्षण र तेस्रो हुनेलाई तीन महिना सङ्गीत प्रशिक्षण र मायाको चिनो प्रदान गरिने र विभिन्न गिफ्टहरू प्रदान गरिने आयोजकले जनाएको छ ।

नेपालीको तन, नेपाली मन र नेपालीकै रोजाई नारा दिइएको यस 'नेशनल भ्वाईस'मा काठमाडौंलगायत देशका विभिन्न ठाउँहरूबाट प्रतिस्पर्धीहरूको छनोट गरिनुका साथै कार्यक्रमलाई टेलिभिजनमार्फत प्रसारण गरिने छ । वरिष्ठ सङ्गीतकार गुरुदेव कामत र सङ्गीतकार विकाश चौधरी निर्णायक मण्डल रहेको 'नेशनल भ्वाईस'मा अन्य निर्णयकहरूलाई पनि समावेश गरिने आयोजकले जनाएको छ । संयोजक रञ्जितकुमार सहनी, सह संयोजक सुपक बस्नेत, प्रवन्धनिर्देशक सविना केसी र सीमा शाह कार्यक्रम निर्देशक रहेको 'नेशनल भ्वाईस'को साउन मसान्तसम्म अन्तिम फर्म भर्ने मिति राखिएको छ भने अडिसन भदौको पहिलो हप्ताबाट सुरू हुने बताइएको छ ।

लुकेर रहेका गायन प्रतिभाहरूलाई खोजि गरिने मुख्य उद्देश्य रहेको यो कार्यक्रमलाई आयोजकले नेपाली गीत सङ्गीतमा एउटै छुट्टै आवाजको खोजीभनेको छ । राष्ट्रव्यापी हुने गायन प्रतियोगितामा सहभागी बनि देशको आवाज बन्न आग्रह गरिएको छ ।

### बन्दै द रेञ्ज

गौतम बुद्ध सम्बन्धी विभिन्न खाले भ्रामक प्रचार भैरहेको अवस्थालाई मध्यनजर गर्दै त्यसको निराकरण गर्नका लागि गौतम बुद्ध नेपालमै जन्मनु भएको हो भन्ने सन्देश सञ्चार गर्नका लागि द रेञ्ज नामक चलचित्रको निर्माण भएको छ । हाँस्य पक्षलाई समेत समेटिएको ऐतिहासिक चलचित्र द रेञ्ज जेष्ठको दोस्रो साता देखि अलनेपाल एक साथ प्रदर्शनमा आउने भएका छ ।

गगन गिरी, राजेन्द्र गिरी, डम्बर गिरी र प्रदिप केसी निर्माता रहेको द रेञ्जमा राज क्षितिज, दिपा थापा, पिताम्बर आचार्य, गणेश उप्रेती, सुनिता आतार्य, लोन्द्र ओली, राम रिजाल लगायतका कलाकारहरूले अभिनय गरेका छन् भने निर्देशक राम नेपाल हुन । मानव जीवनमा दैविक शक्तिको दुरूप्रयोग हुँदा त्यसले निम्त्याउन सक्ने सम्भावित घट्नाक्रमलाई पनि चलचित्रले प्रष्टाउन खोजेको निर्माण पक्षको भनाईछ ।

# आइआरटीद्वारा घाइतेहरूको उद्धार

झापा । पूर्व-पश्चिम राजमार्गको झापाको लखनपुर-१, पाथिभरा चोकमा साउन ११ गते राति मोटरसाइकलको ठक्करबाट घाइते भएका एक व्यक्तिलाई सशस्त्र प्रहरी बलको इमिडियट रेस्पोन्स टिम (आइआरटी) ले उद्धार गरी उपचारार्थ अस्पताल पुऱ्याएको छ ।

तीव्र गतिमा रहेको बा.३० प ९३०४ नम्बरको मोटरसाइकलले पैदलयात्री स्थानीय खुदुनावारी ७ वस्ने २३ वर्षिय बुद्धिमान वर्तेललाई ठक्कर दिदा उनी गम्भिर घाइते भएका थिए । घाइतेलाई दुर्घटनास्थल नजिकै रहेको सशस्त्र प्रहरी बल पाथिभरा गण लखनपुरको आइआरटीले उद्धार गरी गरेको हो । दुर्घटनाको जानकारी पाएको केहीबेरमै त्यसठाउँमा पुगेको आईआरटीले घाइते वर्तेललाई सशस्त्र प्रहरी बलको गाडीमा राखेर उपचारार्थ दमकस्थित आम्दा अस्पताल पुऱ्याएको हो ।

त्यसैगरी एपीएफ टोलीले सर्लाही र कपिलवस्तुको विभिन्न स्थानबाट दुईवटा मोटरसाइकल बरामद गरेको छ । सशस्त्र प्रहरी बल विन्ध्याबासिनी गण चन्द्रौटाबाट खटिएको एपीएफ टोलीले कपिलवस्तु जिल्लाको शिवराज २ स्थित वनकट्टीबाट साउन ११ गते लु.१३ प ४७४३ नम्बरको मोटरसाइकल वेवारिसे अवस्थामा बरामद गरेको छ । सो गणबाट गस्तीमा गएको एपीएफ टोलीले उक्त मोटरसाइकल जंगल इलाकामा फेला पारेको थियो । यसैगरी सर्लाही जिल्लाको मुसैली १ बाट साउन १० गते एपीएफ टोलीले भारतीय नम्बर प्लेटको एउटा मोटरसाइकल बरामद गरी आवश्यक कारवाहीको लागि स्थानीय भन्सार कार्यालयमा बुझाएको छ । आवश्यक कुनै पनि कागजपत्र नभएको उक्त मोटरसाइकल सशस्त्र प्रहरी बल बोर्डर आउट पोष्ट खुटौनाबाट खटिएको एपीएफ टोलीले जाँच गर्ने क्रममा बरामद गरेको थियो ।

## कर्पोरेट

### कामनाको नाफा १० करोड

पोखरामा मुख्य कार्यालय रहेको कामना विकास बैंकले आव ०७०/७१ असार मसान्तसम्म १० करोड २ लाख रूपैयाँ सञ्चालन मुनाफा आर्जन गरेको छ । बैंकले सोही अवधिका २ अर्ब ६७ करोड निक्षेप संकलन तथा २ अर्ब १० करोड कर्जा लगानी गरी मुनाफा आर्जन गरेको प्रमुख कार्यकारी अधिकृत उमेशकुमार आचार्यले बताए । हाल अधिकृत पुँजी ६४ करोड, जारी पुँजी २३ करोड र चुक्ता पुँजी २३ करोड रूपैयाँ रहेको बैंकका विभिन्न स्थानमा गरी १० शाखा सञ्जाल छन् ।

### सेन्ट्रल फाइनान्सको १० प्रतिशत बोनस

सेन्ट्रलले फाइनान्सले सेयरधनीलाई चुक्ता पुँजीको १० प्रतिशतका दरले बोनस सेयर दिने भएको छ । कम्पनीको हालै सम्पन्न १७औं वार्षिक साधारणसभाले बोनस सेयर वितरण प्रस्ताव पारित गरेको हो ।

साधारणसभाले सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्नुका साथै ०७० असार मसान्तसम्मको वासलात, ०६९/७० को नाफानोक्सान हिसाब तथा नगद प्रवाह विवरण पारित गरेको कम्पनीले जनाएको छ ।

कम्पनीले बोनस सेयर जारी गरेपछि हुने पुंजीमा १० प्रतिशत हकप्रद सेयर निष्कासन गर्ने भएको छ । बोनस तथा हकप्रद सेयर निष्कासनपछि कम्पनीको कुल पुँजी २० करोड ३७ लाख ११ हजार रूपैयाँ पुग्नेछ । कम्पनीले हाल १ अर्ब ५१ करोड निक्षेप संकलन गरी १ अर्ब १८ करोड लगानी गरेको साधारणसभामा जानकारी दिइएको थियो ।

### कन्ट्रीको नाफा साढे ५ करोड

बनेपामा मुख्य कार्यालय रहेको कन्ट्री डेभलपमेन्ट बैंकले आव ०७०/७१ मा ५ करोड ६१ लाख खुद सञ्चालन मुनाफा आर्जन गरेको जनाएको छ । बैंकले आर्जन गरेको मुनाफा आव ०६९/७० को मुनाफाभन्दा ८१.६८ प्रतिशत बढी हो । बैंकको हाल १ अर्ब ३१ करोड निक्षेप, १ अर्ब २६ करोड कर्जा लगानी र चुक्ता पुँजी ३२ करोड रूपैयाँ छ ।

### पोखरा रोयलको नाफा पौने तीन करोड

पोखरामा मुख्य कार्यालय रहेको पोखरा रोयल सहकारी संस्थाले आव ०७०/७१ मा २ करोड २ लाख रूपैयाँ नाफा आर्जन गरेको छ ।

सहकारीले सोही अवधिमा ६६ करोड २८ लाख ६० हजार निक्षेप संकलन तथा ६५ करोड २५ लाख ६३ हजार कर्जा लगानी गरेको छ । हाल सहकारीको ७ करोड २४ लाख २१ हजार चुक्ता पुँजी छ ।

### पोखरामा डिस होम सर्भिस सेन्टर

डिस होम प्रालिले गण्डकी र धौलागिरी अञ्चलका ग्राहकलाई लक्षित गरी पोखरामा सर्भिस सेन्टर स्थापना गरेको छ । ४ प्राविधिकसहित पोखराको न्युरोडमा खालिएको सर्भिस सेन्टर उद्घाटन कम्पनीका महाप्रबन्धक रमेश सापकोटाले गरेका थिए । पोखरासहित कम्पनीका सर्भिस सेन्टर संख्या १४ पुगेका छन् । ८५ च्यानल हेर्न सकिने डिस होमको उपकरणसहित जडान शुल्क ३ हजार ९ सय ९९ देखि ५ हजार ९ सय ९९ रूपैयाँ तोकिएको कम्पनीले जनाएको छ ।

### कतार एयरवेजको अफर

कतारको राष्ट्रिय ध्वजाबाहक एयरलाइन्स कतार एयरवेजले टिकट विक्रेतालाई बिक्रीका आधारमा पुरस्कृत गर्ने योजना सुरू गरेको छ ।

निश्चितभन्दा बढी टिकट बिक्री गर्नेबाट लक्की ड्र गरी यामाहा मोटरसाइकल, सामसुङ मोबाइल र गिफ्ट प्रदान गरिने कम्पनीले जनाएको छ । काठमाडौंमा पत्रकार सम्मेलन गरी कम्पनीले कुनै पनि गन्तव्यमा तोकिएको परिमाणमा टिकट बिक्री गर्ने ट्रेड पार्टनरका लागि योजना ल्याइएको जानकारी दिएको हो ।

'सेल एन्ड विन' नामक योजनामा सबैभन्दा बढी टिकट बिक्री गर्नेबाट विजयी हुने एकजनाले बजाज २०० एनएस पल्सर मोटरसाइकल जित्नेछन् । त्यस्तै, दुईजनाले सामसुङ ग्यालेक्सी ग्रान्ड निओ मोबाइल र तीनजनाले ५ हजार रूपैयाँको बिइङ ह्युमन गिफ्ट भौचर प्राप्त गर्न सक्नेछन् । पहिलो पुरस्कार पल्सर मोटरसाइकलका लागि हुने लक्की ड्रमा सहभागी हुन टिकट विक्रेताले ५० टिकट बिक्री गर्नुपर्नेछ । त्यस्तै, दोस्रो पुरस्कार मोबाइलका लागि ३० वटा टिकट र तेस्रो पुरस्कार गिफ्ट भौचरका लागि १० वटा टिकट बिक्री गर्नुपर्नेछ । कम्पनीले एक सय ३४ जहाजबाट विश्वका एक सय ४४ गन्तव्यमा उडान भर्दै आएको जनाएको छ ।

### मारूती सिमेन्टको वृक्षरोपण

मारूती सिमेन्टले नेपाल इन्जिनियर एसोसिएसनको ५२औं वार्षिकोत्सव अवसरमा आयोजना गरिएको वृक्षरोपण कार्यक्रममा सहभागिता जनाएको छ । काठमाडौंको माइतीघरदेखि बबरमहलसम्म आयोजना गरिएको वृक्षरोपणमा दुई सयभन्दा बढी इन्जिनियर, समाजसेवी, विद्यार्थी, सर्वसाधारणलगायत सहभागी भएको कम्पनीले जनाएको छ ।

कार्यक्रममा कम्पनीका निर्देशक शरद गोयलले वृक्षरोपणबाट वातावरण संरक्षणमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । उनले सबै संघसंस्थाले वृक्षरोपणजस्ता कार्यक्रमलाई सामाजिक उत्तरदायित्वका रूपमा आत्मसात गर्नुपर्नेमा जोड दिएका थिए ।

## किन...

मोडमा अघि बढ्ने विश्लेषकहरू बताउँछन् । यही भेटले सर्वसहमतिको संविधान निर्माणका लागि समेत वातावरण बन्नेछ ।

मोदीले सडक शक्तिलाई भेट्छन्, भेट्दैनन्, नेपाल सरकारले कस्तो सहजकर्ताको काम गर्छ, हेर्न बाँकी नै छ ।

## ओलीको...

राजनीतिक संकट खडा गर्न उत्साहित हुन थालेको आभाष अनुभव गर्न सकिन्छ ।

संविधान निर्माण गर्ने मौसममा यस्तो राजनीतिक अस्थिरता किन उत्पन्न गर्न ओली तयार भए- धेरैको प्रश्न छ । विश्लेषकहरू भन्छन्- माघ ८ गते संविधान जारी हुन नदिन र त्यसपछि आफ्नै नेतृत्वको सरकार गठन गरेर संविधान जारी गर्ने जस लिन र राजनीतिक रूपमा एमाले नै मूल धार हो भन्ने साबित गर्ने केपी ओलीको रणनीति हुनससक्छ । यही रणनीति साकार पार्न ओलीको गोली शितल निवासतिर पड्कन थालेको हो ।

## मोदी...

यस अघिको वाजपेयी र डा. मनमोहन सिंहको सरकारले नेपालमा कोसी र गण्डकी सम्झौताबाट पीडित किसानहरूलाई क्षतिपूर्ति र मुआब्जा दिने भनेर आश देखाइरहेको थियो । तर त्यो आशा विकास र साना वर्गको हित हेर्ने मोदी सरकार आएपछि पूरा हुने आशा गरेका तल्लो वर्ग निरास हुन पुगेको छ । के यस मामिलामा मोदीले कुनै राहत दिनेतिर सोच्लान् ?

## कृषि र...

मुख्य निर्णयका लागि संचालक समितिबाटै निर्णय हुनु पर्ने भएको हुनाले आफ्नो स्वार्थ अनुसारको निर्णय नभएपछि मन्त्री आचार्यले संचालक समितिका सदस्यहरूको पदावधि बाँकी हुँदाहुँदै उनीहरूलाई राजीनामा दिन मन्त्री निवासमै बोलाएर दबाब दिइरहेका छन् ।

यस अघि पनि मन्त्री आचार्यले निगमका महाप्रवन्धक हुँदाहुँदै कार्यकारी अध्यक्ष नियुक्त गर्ने प्रयास गरे पनि उनी असफल भएका थिए । महाप्रवन्धकले मन्त्रीको स्वार्थ अनुसारको काम नगरिदिएपछि आफ्ना अरौटे भरौटे निगम संचालक समितिमा नियुक्त गरेर आफ्नो स्वार्थ पूर्ति गर्नका लागि उनले निजी क्षेत्रबाट निगम संचालक समितिमा रहेका अमरनारायण माली, टेकनाथ आचार्य र अशोकचन्द्र पोखरेललाई राजीनामा दिन दबाब दिइरहेका छन् । उनीहरूको पदावधि अझै एक वर्ष बाँकी रहेको भए पनि मन्त्रीले राजीनामा दिन दबाब दिनहुँ दिँदै आएका छन् । प्रधानमन्त्री कोइराला अस्वस्थ भएपछि एक महिना लामो उपचारमा अमेरिकामा गएका र स्वदेश फिर्ता भए पनि काम कारबाहीमा सक्रियतापूर्वक लाग्न नसकेको फाइदा उठाउन नेकपा एमालेबाट मन्त्री भएकाहरू सक्रिय भएका हुन् । यसरी कोइराला सरकारका मन्त्रीहरूले प्रधानमन्त्रीय पद्धतिकै खिल्ली उडाउँदै पार्टीगत र व्यक्तिगत स्वार्थ पूरा गर्ने गरेका भए पनि प्रधानमन्त्री मौन रहनुले भ्रष्टाचारलाई बढावा दिएको सिंहदरबार सूत्रले दाबी गरेको छ ।

## संविधान...

नगर्न पत्रकारहरूलाई आग्रह गरेका थिए । संविधान नआए रगतको खोलो बग्छ भन्ने आफ्नै पार्टीका अध्यक्ष पुष्पकमल दाहालको भनाइका विषयमा भट्टराईले अहिले पनि रगत वगेको अवस्था रहेको बताउँदै अहिले नै त्यस्ता कुरा गर्ने बेला नभएको बताएका छन् ।

संविधानसभा अन्तर्गत रहेको संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका सभापतिसमेत रहेका भट्टराईले २००७ सालपछि नयाँ चरणको राजनीतिक अभ्यासमा हामी पुगेका हौं भन्दै अब पुरानो युगको अन्त्य भएकोले नयाँ युगको पुननिर्माणका लागि हामी सबै अघि बढ्नुको विकल्प नभएको बताएका छन् । नेता भट्टराई इटहरीमा वैकल्पिक विचार मञ्चले आयोजना गरेको नयाँ शक्तिको आवश्यकता सम्बन्धी छलफलमा भाग लिन इटहरी पुगेका थिए । सो कार्यक्रममा बोल्दै नेता भट्टराईले राजनीतिक दलहरूले संविधानको विषयमा आ-आफ्ना एजेन्डाहरूलाई आफ्नै ढंगले व्याख्या र विश्लेषण गरे पनि सहमतिमा आएमात्र संविधान बन्ने स्पष्ट पारेका छन् । आफ्नो नयाँ विचार र नयाँ पार्टीको बारेमा बोल्दै भट्टराईले नयाँ विचारहरू जन्मिन्छन्, त्यसै गरी नयाँ पार्टीहरू पनि आउँछन् । यो सँगसँगै चल्ने क्रम हो भन्दै अब नयाँ विचार आउनुपर्नेमा उनले जोड दिएका थिए । भट्टराईले केही समय पहिलादेखि नै नयाँ विचार र पार्टी आउनुपर्नेमा जोड दिँदै आएका छन् ।

## मधेसी...

उपराष्ट्रपति मधेसबाटै मधेसी नेताहरू नै रहेकाले तपाईंहरू कसरी दोस्रो दर्जाको नागरिक हुनुभयो भन्दै गृह, परराष्ट्र जस्ता महत्वपूर्ण मन्त्रालय सम्हालिसकेका नेताहरूसँग प्रतिप्रश्न गर्दै भनिन्- तपाईंहरूको माग उचित छ भने किन तपाईंहरूले अलग, अलग पार्टी बनाउनु भयो, किन एउटै पार्टी बनाउन सक्नुभएन भन्दा मधेसी नेताहरू टाउको निहुर्‍याएर बसेको भेटमा गएका एक नेताले बताएका छन् ।

नेपालका लागि भारतीय राजदूत रणजीत रे ले गरेको दिवाभोजमा कांग्रेस, एमाओवादी र अन्य वरिष्ठ नेताहरूसँग विगत ८ वर्षदेखि भारतले अछुत सरह व्यवहार गर्दै आएको राप्रपा नेपालका अध्यक्ष एवम् सभासद् कमल थापालाई पाहुनाको सूचिमा सामेल गराइएको थियो । ११ जना नेता सहभागी दिवाभोजमा संविधानसभाको चुनावमा चौथो ठूलो पार्टीको हैसियत बनाएको राप्रपा नेपालका अध्यक्ष कमल थापाको सहभागिता देखिनुलाई पनि भारतले नेपालप्रतिको पुरानो हेराईमा परिवर्तन आएको सन्देश दिन खोजेको संकेत मिलेको छ । त्यसै गरी अर्थमन्त्री डा. रामशरण महतले दिवाभोजमा भएको छलफलका क्रममा राप्रपा नेपालका सम्बन्धमा टिप्पणी गरेका थिए । हिन्दूत्वको नारा लगाएर राप्रपा नेपाल चौथो ठूलो शक्ति बनेको महतले बताएपछि अध्यक्ष थापाले भारतीय विदेशमन्त्री स्वराजलाई धर्मनिरपेक्षताका कारण नेपालको पहिचान खतरामा परेको हो भनेपछि विदेशमन्त्री स्वराजले टिप्पणी गरेकी थिइन- यो निकै गम्भीर विषय हो । यसरी मधेसवादी दलका नेताहरूले विदेशमन्त्री स्वराजसँग दुःख मनाउ गरेपछि उनीहरूको दुखेसोमा स्वराजले मलमपट्टि भने लगाइनन् ।

## शक्ति केन्द्र...

अवस्थामा पुर्‍याउन अर्को नेता बाबुराम भट्टराईसमेत उद्दत रहेका दाहालको ठहर रहेको हुनाले उनले अब नेकपा-माओवादी र मधेसवादी दलको सहारा लिएर फेरि एकपल्ट शक्ति आर्जन गर्नका लागि सडक संघर्षमा जाने तयारी गरिरहेको एक नेताले बताएका छन् ।

मधेसवादी दलको सहयोगमा सदनमा संघर्ष गर्ने र नेकपा-माओवादीलाई साथमा लिएर सडक संघर्ष गरेर उनी राजनीतिक शक्तिकेन्द्रका रूपमा रहिरहने प्रयासमा भए पनि उनको त्यो सपना अहिलेकै अवस्थामा पूरा हुनसक्ने अवस्था देखिएको छैन ।

## नेपालको विकासमा..

सबै सम्बन्धहरूलाई सम्वोधित गर्न नेपालले गृहकार्य थालेको छ ।

मोदीले निकै ठूलो विकासको योजना उपहार दिने बताएपछि नेपालले अपर कर्णाली, पञ्चेश्वर, अरूण तेस्रो लगायतका योजना छनौट गर्दैछ । हुलाकी मार्ग, पहाडी मार्ग र अन्य क्षेत्रमा सघाउन भारतलाई अनुरोध गरिने छ । उत्साहित नेपाली पक्षले ऊर्जा व्यापार र उत्पादन सन्धि गर्ने निर्णय भइसकेको छ । अरू हेर्नुछ- मोदीले के दिनेछन्, के लिनेछन् ?

# गोली हान्ने आदेश

काठमाडौँ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आउने पूर्वसन्ध्यामा सुरक्षा समितिले सुरक्षाकर्मीलाई गोली हान्ने अधिकार दिएको छ । यस्तो अधिकार पहिले पहिले पनि बेला-बेलामा दिने गरिएको थियो । यसपटकको यो आदेश अस्थायी हो कि स्थायी स्पष्ट छैन । किनकि मोदीको भ्रमण लगत्तैको २ महिनापछि (नोभेम्बर) सार्क सम्मेलन हुँदैछ । सार्क सम्मेलनमा आउने भिआईपीको सुरक्षालाई समेत ध्यान दिएर सुरक्षाकर्मीलाई गोली हान्ने अधिकार दिएको सुरक्षा स्रोतले जानकारी दिएको छ ।

यद्यपि भारतीय प्रधानमन्त्री मोदीको सुरक्षाका लागि एक हजार सुरक्षाकर्मी राजधानी आइसकेका छन् । दूतावासले 'रअ' का एजेन्टहरूलाई सक्रिय पारिसकेको छ । यसबाहेक भारतीय भूपू सैनिकहरूलाई पनि सुरक्षा कार्यमा सतर्क पारेको छ । 'पुख्ता सुरक्षा' इन्तजामका साथ आउने मोदीका लागि फ्रन्टलाइन नै नेपाली सेनाले सुरक्षा दिने भएको छ । यति हुँदा पनि मोदी असुरक्षित होलान् र ?

# बाघ गन्ने भन्दै मार्दै

काठमाडौँ । नेपालमा बाघ, गैंडा, भालु, चितुवा, पाण्डा लगायतका जंगली जीव के कति छन् भन्दै गन्दै गर्ने डब्लुडब्लुएफ को योजनाभित्र तिनीहरूको शिकार गर्ने षड्यन्त्र लुकेको पर्दाफास भएको छ । कतिपय गैडा, बाघलाई चितवनबाट बर्दिया पुर्‍याएको प्रचार गर्ने र रातारात तिनको हत्या गरेर लाभ लिने माफियातन्त्र हावी भएको बन स्रोतले बताएको छ ।

बन्यजन्तु गन्न तिनीहरूलाई बेहोस पार्ने, चिन्ह लगाउने र समातेर स्थानान्तरण गर्न करोडौं डलर खर्च भइरहेको छ । डब्लुडब्लुएफ ले लगानी गरिरहेको छ । तर डब्लुडब्लुएफभित्र यति ठूलो घुस पैठ छ कि नेपालका बहुमूल्य जीवजन्तु धमाधम मारिन थालेका छन् । चिन्ह लगाएर छाडिएका जीवजन्तु पुनः देखा नपरेपछि र उनीहरूको शरीरमा झुन्डाइएको प्रविधिले कामै नगरेपछि जीवजन्तुको नियोजित रूपमा हत्या गर्दै तस्करी हुन थालेको आशंका बढेको छ । यस मामिलामा सुरक्षा स्रोतका अनुसार गोप्य छानविन भइरहेको छ । राजनीतिक संरक्षणका कारण टुंगोमा पुग्न मुश्किल छ ।

# लक्ष्मि मन्दिर अतिक्रमण हटाउँदै

वीरगंज । लगभग १० वर्ष अगाडि लक्ष्मि मन्दिर निर रहेको खुद्रा पसलहरूलाई वीरगंज उपमहानगरपालिकाले हटाई त्यस स्थानमा बृद्व-बृद्वाहरू, मन्दिर दर्शन गर्न आएका भक्तजनहरू वा सर्वसाधारण बटुवाहरूले थकान मेटाउन पाउँन भनि पार्क बनाउने उदेश्यले हटाएको पसलहरूलाई त्यस स्थानमा वीरगंज उपमहानगरपालिकाले पार्क बनाउन नसकि पुनः त्यस स्थानमा चिउरा,भुजा,चुडि



,फलफुल,नास्ता पसल सञ्चालन भईरहेको र जथाभावि फोहर फालिएको देखिन्थ्यो ।तर नारायणी अञ्चलका प्रहरी वरिष्ठ उपरीक्षक सर्वेन्द्र खनालको नेतृत्वमा र विभिन्न संघ-संस्था ,नागरिक समाज,गौतम मा.वि. तथा सरोकारवाला सरकारी कार्यालयका पदाधिकारहरूको सहयोगमा सो स्थानमा चारैतिरबाट पर्खाल लगाई घेर्ने, पार्कमा विभिन्न प्रजातिका बोटविरूवा,फुलहरू लगाई सर्वसाधारणका लागि थकान मेटाउन सकोस भनि ग्रिन पार्क निमार्ण हुन लागिरहेको छ । सोहि क्रममा आज सो स्थान मा डोजर लगाई त्याँहा रहेको खुद्रा पसलहरूलाई हटाईएको छ । लक्ष्मि मन्दिर सँगै रहेको वीरगंजको प्रसिद्व माईस्थान गहवा मन्दिर को सुन्दरतमा झनै बढोत्तरी हुनेछ भनि स्थानियवासीले खुसी ब्यक्त गरीरहेका छन भने सो स्थानमा हरेक वर्ष फुलपाति पनि गरिन्दै आईरहेको छ ।पार्क बनेपछि फुलपाति अब कुन स्थानमा गर्ने होला भनि स्थानियवासीले चासो राखिरहेका छन ।।

*कुसुमलाल श्रेष्ठ*

# महिलामाथि किन अत्याचार

*विनोद ढकाल*

झापाकी सुनिता गौतम कुवेत जाने तयारीमा थिइन् । उनी राहदानी बनाएर श्रम स्वीकृतिका लागि वैदेशिक रोजगार विभाग पुगिन् । तर, श्रम स्वीकृति पाइनन् । विभागका अधिकारीहरूले उनलाई 'वैदेशिक रोजगारीमा जान तपाईंको उमेर पुगेको छैन' भन्ने जवाफ दिए । राहदानीअनुसार उनको उमेर ३० वर्ष पुग्न अझै दुई वर्ष बाँकी थियो । स्वदेशमा रोजगारीको अवसर शून्यप्रायः छ । नेपालमा रोजगारी नपाएपछि खाडीलगायतका मुलुक गएर भए पनि पैसा कमाउने चाहना बेरोजगार युवामा छ । तर, नेपाली श्रमिक महिलालाई ३० वर्षे उमेरको सरकारी लगामले उनीहरू चाहेर पनि यो उमेर पूरा नगरी वैदेशिक रोजगारीमा जान सकिरहेका छैनन् ।

उमेर सीमाकै कारण रोजगारीमा जान नपाएकी बाग्लुङकी सुनिता शर्मा कतार छाडेर अब मलेसिया जाने तयारीमा छिन् । सुनिता भन्छिन्, 'मलेसियाभन्दा कतारमा राम्रो अवसर थियो । पारिश्रमिक पनि ज्यादा आउने 'डिमान्ड'मा जान लागेकी थिएँ, तर उमेर नपुगेका कारण समस्यामा परेँ ।' डा. बाबुराम भट्टराईको तत्कालीन मन्त्रिपरिषद्ले वैदेशिक रोजगारीका लागि महिलाको उमेर कम्तीमा ३० वर्ष हुनुपर्ने नियम पहिलोपल्ट लागू गरेको थियो । पुरूषले नागरिकता लिनासाथ रोजगारीमा जान पाउने, तर महिलाका हकमा उमेरको बन्देज लगाइनु भेदभावपूर्ण व्यवहार भएको अधिकारकर्मीहरूको भनाइ छ । राष्ट्रिय महिला आयोगले यस्तो विभेदको विरोध गर्दै यो भेदभावबारे सरकारले सार्वजनिक रूपमा जवाफ दिनुपर्ने माग गरेको थियो । तर, सरकारले आयोगको मागलाई वास्ता गरेन । ३० वर्षे प्रावधानका कारण गौतम र शर्माजस्ता थुप्रै महिलाले आफूले चाहेको मुलुकमा श्रम गर्न जान पाएका छैनन् ।

वैदेशिक रोजगारीमा जाने महिलामाथि हिंसा न्यूनीकरण गर्न सरकारले यो नीति अपनाएको दाबी गर्दै आएको छ । तर, यसले हिंसा न्यूनीकरण हुनुभन्दा पनि अवैध मार्गबाट महिला विदेशिने र जोखिम अझ बढ्ने अनुमान गरिएको छ । यो नियमले अवैध मार्गबाट महिलालाई खाडीलगायतका मुलुकमा जान बाध्य बनाएको छ । सँगै वैधताका लागि पनि महिलाले उमेर बढाएर नागरिकता र राहदानी बनाउने क्रम बढ्दै गएको छ । वैधानिक रूपमा ०५१ देखि नेपाली वैदेशिक रोजगारीमा जान थाले पनि सरकारले ०६३ सम्म महिलालाई वैदेशिक रोजगारीमा जान बन्देज लगाएको थियो । ०६३ देखि महिला पनि वैदेशिक रोजगारीमा जान थाले । वैदेशिक रोजगार विभागका अनुसार, ०६३ देखि ०६९ अन्तिमसम्म आठ हजार आठ सय १२ महिला रोजगारीका लागि खाडीलगायतका मुलुक पुगेका छन् । तर, त्यसबेला उमेरको कुनै सीमा तोकिएको थिएन । वैदेशिक रोजगारीमा जान महिलाको उमेर ३० वर्ष पुग्नुपर्ने नीति बनाउँदा विभागका महानिर्देशक रहेका पूर्णचन्द्र भट्टराई 'विदेशमा काम गर्न गएका महिलामाथि हुने हिंसा न्यूनीकरणका लागि तत्कालीन मन्त्रिपरिषद्ले यो नियम बनाएको' बताउँछन् ।

तर, महिला अधिकारकर्मी र महिलाका क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाले उक्त नियमले जोखिम न्यूनीकरणमा कुनै भूमिका निर्वाह नगर्ने बताउँदै आएका छन् । ०६८ यता १२ हजारभन्दा बढी महिला वैदेशिक रोजगारीका लागि अन्य मुलुक पुगेका छन् । तर, खाडी मुलुकमा भने महिलाको सङ्ख्या केही न्यून देखिएको छ । 'यो सरकारी नियमले देखाएको प्रभाव मात्रै हो । तर, सङ्ख्यामा ठूलो न्यूनीकरण नआउनु भनेको मुलुकभित्र नागरिकता र राहदानी बनाउँदा अवैधानिक रूपमा उमेर बढाउने या अन्य मुलुक जानेको सङ्ख्या बढ्नु हो ।' वैदेशिक रोजगार विभागका प्रवक्ता बद्री अधिकारी सरकारी नियमअनुसार विभागले काम गर्ने दाबी गर्दै भन्छन्, 'यो नियम लागू भएपछि महिला हिंसाको सङ्ख्यामा केही कमी आएको देखिन्छ ।

असल बनौं, इमान्दार बनौं, सन्ततिलाई दिशा निर्देश गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९,बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार